# सिमकोट गाँउपालिका

# स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

## Health Emergency, Disaster Preparedness and Response Plan




सिमकोट गाँउपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कर्णाली प्रदेश, नेपाल

२०७९

# भूमिका

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संकल्पलाई आत्मसात गर्दै परिवर्तित उपलब्धि र सोचलाई विकासका लागि रुपान्तरण गर्ने योजना सहित स्वास्थ्यको लागि सक्षम प्रणालीको सहजीकरणमा सिमकोट गाउँपालिकाभित्र रहेका स्वास्थ्य समस्या र प्रकोपहरुको विश्लेषण सहितको संकटासन्नता र क्षमताको विश्लेषण गरी यो योजना तयार गरिएको छ । यस विश्लेषणले आगामी दिनमा स्वास्थ्य समस्या, विपद् पूर्वतयारी तथा व्यवस्थापनको खाका एवं कार्यदिशा समेत तय गर्नेछ । यस क्षेत्रमा कार्यरत विकास साझेदारहरु , संघसंस्थाहरु, निजि क्षेत्र, सहकारी र सामुदायिक क्षेत्रको सक्रिय भुमिका र गाउँपालिकाको प्रत्यक्ष नेतृत्वदायी भुमिकाले मात्र यसको सफल कार्यान्वयन हुनेछ ।

संकटासन्नता तथा क्षमता विश्लेषणले औंल्याएका क्षेत्रहरु , लिएका लक्ष्य र सुझावहरुलाई गाउँपालिकाले आफ्ना वार्षिक बजेट र कार्यक्रम मार्फत सम्बोधन गर्दै लैजाने र भविष्यमा सिमकोट गाउँपालिकामा हुनसक्ने विपद्का घटनाहरुमा कमी हुने र त्यसबाट समुदायमा पर्न सक्ने असर न्युनीकरणमा समेत सघाउ पुग्ने कुरामा विश्वास लिइएको छ । सिमकोट गाउँपालिका यस विश्लेषणात्मक लेखाजोखाबाट प्राप्त सुझावहरुलाई सफल कार्यान्वयनका लागि हरसम्भव प्रयासरत रहने छ । यो गाउँपालिकामा कार्यरत संघसंस्थाहरु समेत यस योजनाको कार्यान्वयनका लागिपर्नु पर्ने देखिन्छ । यस गाउँपालिकामा विपद् व्यवस्थापन , स्वास्थ्य संकट व्यवस्थापन लगायतका गतिविधिहरुमा संलग्न भ इ कार्य गरिरहेका संस्थाहरु स्वास्थ्यको लागि सक्षम प्रणाली लाई महत्वपूर्ण जिम्मेवारी सहितको सिकाई उपलब्धिका लागि धन्यवाद दिदैं आगामी दिनहरुमा पनि विपद् पुर्वतयारी र व्यवस्थापनका क्रियाकलापहरुको कार्यान्वयनमा सिमकोट गाउँपालिकाको नेतृत्वमा निरन्तर सहकार्य हुने अपेक्षा गर्दछु । अन्त्यमा, विपद् विकास र सुशासनको विषय भएकोले दिगो विकासका लागि व्यवस्थित स्वास्थ्य संकट र विपद् पूर्वतयारी व्यवस्थापनका कार्यहरु हुन जरुरी छ । धन्यवाद ।

**बिमभण्डारी**

**अध्यक्ष**

**सिमकोट गाँउपालिका**

Draft

# विषयसूची

खण्ड एक : प्रारम्भिक ....1
१.१ पृष्ठभूमि ....1
१.२ योजनाको उद्देश्य ....1
१.३ योजना तर्जुमा प्रक्रिया ....2
१.४ योजनाका तर्जुमा एवम् कार्यान्वयनका आधारभूत मान्यता ....3
खण्ड दुई : विपद् जोखिम व्यवस्थापनको अवस्था ....4
२.१ सिमकोट गाँउपालिकाको संक्षिप्त परिचय ....4
२.२ विपद्का घटना एवम् क्षति विश्लेषण ....6
२.३ सिमकोट गाँउपालिका प्रमुख र प्राथमिकतामा रहेका प्रकोपहरू ....9
२.४ प्रकोपको मौसमी विश्लेषण ....Error! Bookmark not defined.
२.५ सामाजिक सङ्कटासन्नता विश्लेषण ....Error! Bookmark not defined.
२.६ प्रकोप सङ्कटासन्नता तथा जोखिम विश्लेषण ....Error! Bookmark not defined.
२.७ सम्भाव्य प्रकोप प्रभाव आँकलन तथा नक्शाङ्कन ....Error! Bookmark not defined.
२.८ सम्भावित विपद् जोखिम विश्लेषण ....Error! Bookmark not defined.
२.९ विपद्को अनुमानित परिदृष्य ....Error! Bookmark not defined.
२.१० गाँउपालिकाको क्षमता विश्लेषण ....Error! Bookmark not defined.
२.११ विषयक्षेत्र तथा कार्य जिम्मेवारी ....Error! Bookmark not defined.
२.११.१ समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र ....Error! Bookmark not defined.
२.११.२ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण क्षेत्र ....Error! Bookmark not defined.
२.११.३ आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषय क्षेत्र Error! Bookmark not defined.
२.११.४ खानेपानी, सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषय क्षेत्र ....Error! Bookmark not defined.
२.११.५ संरक्षण तथा आपत्कालीन शिक्षा विषय क्षेत्र ....Error! Bookmark not defined.
२.११.६ विपद् लेखाजोखा एवम् सूचना व्यवस्थापन विषय क्षेत्र ....Error! Bookmark not defined.
२.११.७ जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र ....Error! Bookmark not defined.
खण्ड तीन : पूर्वतयारी तथा प्रतिकार्य योजना ....Error! Bookmark not defined.
३.१ सामान्य पूर्वतयारी योजना ....Error! Bookmark not defined.
३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ....Error! Bookmark not defined.
३.३ आपत्कारलीन प्रतिकार्य (कार्यविधि) योजना ....Error! Bookmark not defined.
३.३.७ विपद् लेखाजोखा एवम् सूचना व्यवस्थापन विषय क्षेत्र ....Error! Bookmark not defined.

Draft

खण्ड चार : स्वास्थ्य संकट पूर्वतयारी तथा प्रतिकार्य योजना ........ Error! Bookmark not defined.
४.१ स्वास्थ्य संकट पूर्वतयारी कार्ययोजना ........ Error! Bookmark not defined.
४.२ स्वास्थ्य संकट प्रतिकार्य कार्ययोजना ........ Error! Bookmark not defined.
खण्ड पाँच : कार्यान्वयन अनुगमन तथा सिकाई योजना ........ Error! Bookmark not defined.
५.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन रणनीति ........ Error! Bookmark not defined.
५.२ स्रोत साधनको व्यवस्थापन ........ Error! Bookmark not defined.
५.३ क्षमता विकास रणनीति र योजना ........ Error! Bookmark not defined.
५.४ अन्य निकायसँगको समन्वय र सहकार्य ........ Error! Bookmark not defined.
५.५ अनुगमन, मूल्याङ्करन तथा सिकाई ........ Error! Bookmark not defined.
५.५.१ अनुगमन तथा मूल्याङ्कन समिति ........ Error! Bookmark not defined.
५.५.२ लक्ष्य र सूचकहरू ........ Error! Bookmark not defined.
अनुसूची-१ : स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण Error! Bookmark not defined.
अनुसूची-२ : सरोकारवाला निकायको पहिचान तालिका ........ Error! Bookmark not defined.
अनुसूची-३ : विषयगत क्षेत्रको विवरण ........ Error! Bookmark not defined.
अनुसूची-४ : उपलब्ध स्रोत साधनहरूको विवरण ........ Error! Bookmark not defined.
अनुसूची-४: अनुगमन तथा मूल्याङ्कन फाराम ........ Error! Bookmark not defined.

Draft

# खण्ड एक : प्रारम्भिक

## १.१ पृष्ठभूमि

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको मूलभूत उद्देश्य विपद्बाट हुने मृत्युदर तथा प्रभावित हरुको सङ्ख्या उल्लेख्य रूपमा घटाउनु , अन्य विपद् वा महामारीका कारण उत्पन्न हुनसक्ने स्वास्थ्य संकटको रोकथाम एवम् व्यवस्थापन गरी मानवीय क्षति न्यूनीकरण गर्नु , कृषि उद्योग, सडक, सञ्चार, खानेपानी एवम् सरसफाईका संरचना तथा स्वास्थ्य र शिक्षा का पूर्वाधार एवम् सेवामा विपद्का कारणबाट हुने क्षति तथा नोक्सानी घटाउँदै तिनीहरूको उत्थानशीलता बढाएर विकासको दीगोपनालाई स्थायित्व दिनु र विकास तथा पूर्वाधार निर्माणमा गरिएको लगानीलाई सुरक्षित गर्नु हो । तीववटै तहका सरकारको अधिकार बाँडफाट सम्बन्धी संवैधानिक व्यवस्था, विपद् जोखिम न्यूनीकरण तथा व्यावस्थापन ऐन , २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यावस्थापन नियमावली , २०७५ को दफा ८ (१) एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) न तथा ११ (४) ख (१५) र स्वास्थ्य सेवा ऐन २०७५ को दफा ४८ मा प्रवन्ध गरिए बमोजिम स्थानीय तहको विपद् एवम् स्वास्थ्य संकट व्यवस्थापन सम्बन्धमा तोकिएको काम कर्तव्य र अधिकार एवम् सिमकोट गाँउपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७६ को दफा ५ मा गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार एवम् विपद् जोखिम न्यूनीकरण तथा व्वस्थापन राष्ट्रिय नीति , २०७५ तथा रणनीतिक कार्ययोजना, २०१८ -२०३० को लक्ष्य र मार्गदर्शन एवम् नीतिगत र कानूनी आधार र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को पहिलो संशोधन २०७६ ले तय गरेको विधि र प्रकृया बमोजिम गाउँको स्वास्थ्य संकट एवम् विपद् प्रतिकार्यलाई चुस्त तथा प्रभावकारी बनाउन र त्यसको ला गि आवश्यक पूर्वतयारी गर्न यस सिमकोट गाँउपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरिएको छ ।

## १.२ योजनाको उद्देश्य

विपद् एवम् स्वास्थ्य संकटको समयमा प्रभावितहरूको जीवन रक्षा सम्पत्ति तथा जनधनको सुरक्षा र संरक्षण गरी मानवीय संकटको सामना तथा प्रभावकारी प्रतिकार्य गर्न स्थानीय स्रोत साधन र प्रविधिको उपयोग गर्दै आघातमा परेका व्यक्ति तथा समुदायलाई उचित मानवीय सहायता सुनिश्चित गर्नु र प्रकोपको रोकथाम तथा विपद् जोखिम न्यूनीकरणका लागि गाउँको स्रोत साधन एवम् क्षमता वृद्धि गर्दै विपद् जोखिम तथा स्वास्थ्य संकट व्यवस्थापन पद्धति, संरचना र प्रकृयालाई जवाफदेहीपूर्ण ढंगले परिचालन एवम् कार्यान्वयन गरी सिमकोट गाँउपालिकालाई उत्थानशील तथा सुरक्षित गाउँको रूपमा विकास गर्नु यस योजनाको प्रमुख उद्देश्य हो भने यसका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

१. स्वास्थ्य संकट एवम् विपद्बाट हुने क्षति तथा नोक्सानी घटाउनु र प्रभावित हुने व्यक्ति, परिवार तथा समुदायलाई उपयुक्त मानवीय सहायता सुनिश्चित गर्नु ।
२. गाँउपालिकामा स्वास्थ्य संकट एवम् विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीका गतिविधिहरूलाई व्यवस्थित र समन्वयात्मक रूपमा कार्यान्वयन गर्नु ।

Draft

३. स्वास्थ्य संकट एवम् विपद् प्रतिकार्य तथा पूर्वतयारीका लागि स्थानीय साधन स्रोतको अधिकतम् परिचालन गर्नु ।

४. विपद् पूर्वतयारीलाई प्राथमिकताका साथ कार्यान्वयन गरी विपद् पछि उद्धार राहतका लागि हुने खर्च घटाउनु ।

५. विभिन्न सरोकारवाला निकाय तथा संस्थाहरूसँगको समन्वय र सहकार्यमा गाउँको स्वास्थ्य संकट एवम् विपद् प्रतिकार्य पद्धति, संरचना तथा समग्र क्षमता सुदृढ गर्नु ।

६. विषयगत क्षेत्रका आधारमा गाउँको विपद् न्यूनीकरण तथा व्यवस्थापन क्षमता बढाउँदै क्षेत्रगत तथा नियमित विकास कार्यक्रम मार्फत स्वास्थ्य संकट एवम् विपद् जोखिम न्यूनीकरणलाई निरन्तरता दिनु ।

## १.३ योजना तर्जुमा प्रक्रिया

सिमकोट गाउँपालिको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को पहिलो संशोधन, २०७६ ले तय गरेको प्रकिया बमोजिम तर्जुमा गरिएको हो । यस गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउने सन्दर्भमा २०७८ असोजमा गाउँ विपद् व्यवस्थापन समितिको बैठकमा छलफल भयो । यस बैठकले स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने निर्णय गर्योल। स्वास्थ्यको लागि सक्षम प्रणालीले गाउँपालिकालाई स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्न प्राविधिक सहयोग उपलब्ध गराउने सहमति बमोजिम गाउँपालिका र स्वास्थ्यको लागि सक्षम प्रणालीका प्रतिनिधि रहेको योजना मस्यौदा समिति निर्माण भयो । विधि, प्रक्रिया र कार्यतालिका तय गरी योजना तर्जुमाको प्रक्रिया शुरू गरियो ।

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रिया**

१. प्रारम्भिक छलफल र विषयगत क्षेत्रको पहिचान

२. गाउँको संकटासन्नता तथा क्षमता लेखाजोखा

३. योजना तर्जुमा बैठक तथा कार्यशाला

४. योजनाको प्रारम्भिक मस्यौदा तयारी

५. सरोकारवालाहरूको बैठक र मस्यौदामाथि छलफल

६. अन्तिम मस्यौदा तयारी र स्वीकृति

गाउँ विपद् व्यवस्थापन समिति का सदस्यहरु , वडाध्यक्षहरु र सरोकारवालाहरूबीचमा छलफल गरी गाउँपालिकाको सङ्कटासन्नता तथा क्षमता लेखाजोखाको गरियो । यही छलफलबाट विषयगत क्षेत्रको पहिचान गरी सात वटा विषयगत क्षेत्र निर्धारण गरियो । सङ्क टासन्नता तथा क्षमता विश्लेषणका आधारमा पूर्वतयारी र प्रतिकार्यका क्रियाकलापहरू निर्धारण गरियो । त्यसपछि विषयगत क्षेत्र र संयुक्त योजना तर्जुमा बैठकहरू सञ्चालन गरी त्यसका आधारमा योजनाको मस्यौदा तयार गरियो । सरकारवालाहरूको बैठक आयोजना गरी मस्यौदामाथि छलफल र पृष्ठपोषण लिने काम भयो । प्राप्त पृष्ठपोषण समेतलाई समेटेर योजनाको अन्तिम मस्यौदा तयार गरियो । यस प्रकार सिमकोट गाउँपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा भएको हो ।

Draft

## १.४ योजना तर्जुमा एवम् कार्यान्वयनका आधारभूतमान्यता

१. गाँउपालिका क्षेत्रमा गरिने स्वास्थ्य संकट एवम् विपद् जोखिम न्यूनीकरण , व्यवस्थापन , पूर्वतयारी, प्रतिकार्य तथा पुनर्निर्माणका सबै गतिविधिहरू गाँउपालिकाको नेतृत्वमा हुनेछन् ।

२. विपद् प्रतिकार्य तथा पूर्वतयारी कार्यमा कहिँ कतै रिक्तता हुन नदिन र सन्तुलित कार्यान्वयनको लागि सात वटा विषयगत क्षेत्र (Cluster) को प्रवन्ध गरिएको छ । यस गाँउपालिका मा कार्यरत सबै सरोकारवाला निकायहरू तथा संस्थाहरूले आफ्नो कार्यक्षेत्र बमोजिम सम्बन्धित विषयगत क्षेत्रसँगको समन्वयमा प्रतिकार्य र पूर्वतयारीका गतिविधिहरूमा सहयोग गर्नेछन् ।

३. विपद् पूर्वतयारीको काम , विपद् एवम् स्वास्थ्य संकट प्रतिकार्य तथा मानवीय सहायताका लागि गरि ने सहयोग एकद्धार नीति बमोजिम गाँउपालिकाको स्वीकृत मापदण्ड र प्रक्रिया अनुसार हुनेछ ।

४. विपद् प्रतिकार्य तथा पूर्वतयारीको काम विषयगत क्षेत्रको समन्वय तथा गाँउपालिकाको नेतृत्वमा हुनेछ र लेखाजोखा, सूचना व्यावस्थापन, श्रोत परिचालन तथा व्यवस्थापन एकिकृत पद्धति अनुरूप हुनेछ ।

५. समुदाय, सामाजिक संस्था तथा सरकारी निकायहरूको स्वास्थ्य संकट एवम् विपद् प्रतिकार्य क्षमता विकास गरी गाँउपालिकाको समग्र विपद् व्यवस्थापन क्षमता सुदृढ गरिनेछ ।

६. स्वास्थ्य संकट एवम् विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको काम स्थानीय सरकारको नेतृत्व तथा समन्वय, सामाजिक तथा नागरिक क्षेत्रको सहयोग र नीजि क्षेत्रसँगको साझेदारीमा हुनेछ ।

७. स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी र प्रतिकार्यका गतिविधि तथा मानवीय सहायताका कार्यहरू सुशासनको मान्यता अनुरूप पारदर्शी, सहभागितामूलक र समावेसी हुनेछन् ।

८. स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी , प्रतिकार्य तथा मानवीय सहायताका गतिविधिहरू मानवता , तटस्थता, निष्पक्षता र स्वतन्त्रता जस्ता मानवीयताका मुलभूत सिद्धान्तमा आधारित हुनेछन् ।

९. विपद् जोखिम न्यूनीकरण , पूर्वतयारी, प्रतिकार्य तथा समग्र विपद् एवम् स्वास्थ्य संकट व्यवस्थापनमा उपलब्ध स्थानीय श्रोत तथा जनशक्तिको अधिकतम प्रयोग र परिचालनको नीति लिइनेछ ।

१०. विपद् जोखिम न्यूनीकरणका तथा स्वास्थ्य संकट व्यवस्थापनका प्राथमिकता प्राप्त कार्यहरूलाई क्षेत्रगत विकासका नियमित गतिविधिहरूसँग एकिकृत गरी विकासमा मूल प्रवाहीकरण गर्दै गाउँको उत्थानशीलता विकास गरिनेछ

Draft

# खण्ड दुई : विपद् जोखिम व्यवस्थापनको अवस्था

## २.१ सिमकोट गाँउपालिकाको संक्षिप्त परिचय

हुम्ला जिल्लाको उत्तर पुर्वी क्षेत्रमा पर्ने यो सिमकोट गाउँपालिकाको पुर्वमा तिब्बत , पश्चिममा बझाङ्ग जिल्ला, उतरमा नाम्खा र दक्षिणमा खार्पुनाथ गाउँपालिका पर्दछन् । समुन्द्र सतह देखि करिव २९५० मी. उचाइमा रहेको यहांको हावा पानी ठण्डी छ । औषत अधि कतम तापक्रम २९ ० सेल्सीयस र न्यूनतम तापक्रम माईनस २० ० सेल्सीयस र औषत वर्षा ५५ मि.लि. रहेको छ । यो गाउँपालिकाको कुल क्षेत्रफल ७८९.८९ बर्ग किमि छ । हुम्ला जिल्लाको कुल क्षेत्रफल मध्ये १५ प्रतिशत क्षेत्रफल यस गापाले ओगटेको छ । पालिका केन्द्र सिमकोटबाट टाढाको वडामा पुग्न सात देखि आठ कोष पैदल हिड्नु पर्छ । यो पालिका प्राकृतिक साधन र श्रोतले सम्पन्न छ । यस पालिकाकाको प्रमुख नदि हुम्ला कर्णाली र दोजाम ( चाङला) कर्णाली हुन् । बलौटे माटो भएको यस पालिकामा सल्लो , धुपि, भोजपत्र, उत्तीस, पिपल आदि बनस्पति पाईन्छन् भने खनिज पदार्थको विस्तृत अध्ययन र अन्वेषण भएको छैन । घर पालुवा पशुमा चौरी, जुमा, गाई घोडा, खच्चड, गदा लगाएतका पाईन्छ, भने पंक्षीहरुमा डाँफे, कुवल डाँफे, , डुकुर, च्याखुरा, कालिज,, दुर्लभ बन चौरी, चौरी, लगाएतका पाईने गरेका छन् ।

हुम्लाका अन्य पालिका जस्तै कमजोर खाद्य सुरक्षाको अभावबाट यो गाउँ पालिका पनि अछुतो रहेको छैन।पालिकाकाको सामाजिक , आर्थिक, सांस्कृतिक लगाएत विभिन्न क्षेत्रहरुको विवरण परिच्छेद–दुईको विभिन्न तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

तल सिम र माथि कोट भएको कारण धेरै पहिले जुम्लाको सिंजा क्षेत्रबाट आएका खस जातिका मानिसहरु हालको यस पालिका अन्तरगत पर्ने सिमकोटमा बस्दै आएको भन्ने सामाजिक मान्यता छ ।सिमकोट, लामा समुदाय धेरै अगाडी भोट राज्य तोया र पारगाछिउबाट आएर सिमकोट आसपासमको बारगांङमा बस्दै आएको मान्यता छ ।

यस पालिकामा हिन्दु तथा बौद्ध धर्मालम्वीको मिश्रित बसोबास भएको हुँदा दुबैका आ–आफ्ना रितीरिवाज रही आएका छन् । हिन्दुहरुले दशै, तिहार, माघे पुर्णिमा, भुओ, माघे सक्रान्ती, अनन्ते, बैशाख पुर्णिमा, साउने (जनै ) पुर्णिमा, चैतलो, चोखे, गौरा, आदी मान्दछन् भने बौद्ध धर्मालम्बीहरुले सोनाम लोसार , माने, लासा, देप्क्या, जिस्ता, रलिङ्ग पुर्णिमा ( जेठ पुनी) पितर, आदी चाडपर्वहरु मनाउँदछन् ।

खानपानमा फापरको रोटी, उवा कोदो, गहुँको रोटी, चिनो, कागुनोको चामलको भात, दाल, सिस्नो, ढिडो, आदि यहाँको प्रमुख खाना हो । बौद्ध धर्मालम्बी लामाजातिमा मम, (डिब्लीका, चम्फ्या) थुक्पा ( फेन्तोक) छ्याङ (जाँड) खाने चलन पनि छ । लामा र धाँमी झाँक्री प्रथा प्रति अगाध बिस्वास राख्ने यहाँका बासिन्दाहरुमा हिन्दु र बौद्ध धर्मको मिश्रित प्रभाव रहेको छ ।

यहाँका पुरुषहरुले प्रायःजसो दौरा (फत्तु, जिगेला, जागे ) , सुरुवाल, पाईन्ट, कोट, टोपी , बख्खु, लगाउँछन् । महिलाहरुले गुन्यू (गावुन) चोले, पटुकी (पाउडो) र मजेत्रो लगाउँछन् भने पढे लेखेका युवा ÷युवतीहरुको आधुनिक भेष भुषा जस्तै सर्ट, पाइन्ट, ज्याकेट कुर्ता, सुरुवाल लगाउछन् । लामाहरु बख्खु, पौला, पपाखोको सुरुवाल, कोचन बख्ख, दोचा, पटुका, लिउ फेरुवा ओढ्ने लगाउने गर्दछन् । यहाँका हिन्दु तथा बौद्ध मार्गी महिलाहरु आधुनिक तथा परम्परागत चलन चल्तीका गरगहनाहरु लगाउने गर्दछन् । गहनाहरुमा पोते, कौडाका माला, चाँदी मुगा र सिक्काका माला फुली बुलाकी, चुराहरु, श्री बन्दी टप र औठी लगाउने गर्दछन् । बौद्ध धर्म मान्ने महिलाहरु कानमा आलुङ , गालुङ, थाईकोर, ज्ञान्मा, काम्खा, पुरितको बख्खु घांटीमा मुगा र हातमा औठी लगाउने गर्दछन् ।

अनेकतामा एकता भने जस्तै यहाँका मानिसहरुको रहन सहन एवं जीवनशैली गरिबी र पछौटेपनले गर्दा भौतिक रुपमा कस्टकर भएपनि आपसी सद्भाव , दुःख र सुखमा सहयोगी हुने र सहयोगी भावना र सरलता यहाँको रहनसहन र जीवनशैलीका विशेषता हुन् । यति विषेशता हुँदाहुदै पनि कतिपय कुरामा संकि र्णता नभएको भने होइन । वालविवाह, छाउपढी, बहु बिबाह, बहुपति, घरेलु हिंसा यहाँको मुख्य समस्या हो । यहाँ परम्परागत भागी विवाह र गन्धर्व (प्रेम)

Draft

विवाह दुवै गर्ने प्रचलन छ । यद्यपि मागी बिबाह न्यून हुँदै गएको छ । यस्तै बहुविवाह पनि समस्याकै रुपमा रहेको पाईन्छ । सानै उमेरमा बिबाह हुने भएबाट अपरिपक्क उमेरमै महिलाहरुले गर्भधारणा गर्ने हुँदा बाल तथा मातृ मृत्यु दरमा खासै कमी आएको देखिदैन । पहिले पहिले जारी प्रथा भए पनि अहिले भने निक्कै कम भएको छ । यस पालिकामा बसोबास गर्ने लामा जातिहरुमा हालसम्म पनि बहुपति प्रथा बिद्यमान छ । तर , न्यूनिकरणतर्फ निक्कै अगाडी बढी सकेको छ । सबै दाजुभाईको एउटै श्रीमति हुने हुँदा सबै महिलाहरुको आ आफ्नो इच्छा अनुसारको बिबाह गर्ने अवसर प्राप्त गर्दैनन् । पुरुषहरुमा कसैले पृथक रुपमा विवाह गरेमा उसलाई घरबाट निस्कासन समेत गरेको घटनाहरु यदाकदा सुनिने तथा देखिने गर्दछ । तर, हाल यस प्रकारको बहुजाति प्रचलन क्रमशः हट्दै गएको पाइएको छ ।

यस भेगमा स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा , सामुदायिक स्वास्थ्य इकाई, घाउ चोटको उपचार र सामान्य विरामीहरुको जाँच गर्नेसम्मको सेवा उपलब्ध भएको स्वास्थ्य केन्द्र रहेका छन भने जिल्ला अस्पाताल पनि यसै पालिकामा पर्दछ। समुदायमा खानेपानीको स्रोतको रूपमा परम्परागत मुलहरु र धाराहरु छन् । मुख्यतया असिना , महामारी, आगलागी, खडेरी, झाडापखाला रुघाखोकी जस्ता प्रकोपले समुदायप्रभावित हुने गरेको छ । यसका साथै बर्षातको मौसममा खहरे बाढी, कटान र माटो भरान जस्ता समस्याहरुले समुदायलाई असर गर्ने गरेको छ । यहाँको समुदाय विपद् सम्वन्धी विषयमा कम सचेत देखिन्छ र यहाँ विपद् व्यवस्थापन तथा पूर्वतयारी सम्वन्धी निकै कम संघसंस्थाहरुले काम गरिरहेका छन् भनेसमुदायको कमजोर विपद् पूर्वतयारीका कारण ठूला विपद्का घटना घटेमा तत्काल उद्धार तथा राहत प्रदान गर्न निकै कठिन छ । खडेरी यहाँकाका लागि निकै ठुलो विपद्का रुपमा रहेको छ । यस समुदायमा सिंचाइ सुविधाको अभावमा बर्षात बाहेकको मौसममा खडेरीले समेत सताउने गरेको छ । कच्ची काठफुस र माटाका गुजमुज्ज घरहरुका कारण आगलागीको ठूलै जोखिम रहेको रहेको छ । सरसफाई प्रतिको न्युन चेतनाले सरुवा तथा महामारीजन्य रोगहरुको समेत निकै जोखिम छ । यसरी सम्भाव्य विपद्लाई सामना गर्न नसक्नुमा समग्र समुदायको आर्थिक स्थिति कमजोर हुनु र चेतना एवं पूर्वतयारीका कुनै पनि काम नगरिनु नै प्रमुख कारणको रुपमा रहेका छन् ।

तालिका १: गाँउपालिकाको वडागत जनसाङ्ख्यिक विवरण

| वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| **सिमकोट गाँउपालिका** | **ठेहे** | **ठेहे** | **बरगाँउ** | **बुराउसे** | **सिमकोट** | **सिमकोट** | **डाडाँफया** | **स्याडा** | |
| **क्षेत्रफल व. किमी** | ११.४३ | १६.१५ | ११.१८ | १०.३२ | ३३.७६ | १९.७५ | १७.७५ | १८.३८ | १८०.९२ |
| **परिवार संख्या** | १७७ | ३५१ | ३०३ | १९८ | ३०५ | १८२ | ४२९ | ४८७ | २४३२ |
| **पुरूष जनसंख्या** | ५८० | १०१९ | ९२९ | ७२९ | ११७४ | ८९८ | १००२ | १३३३ | ७६६४ |
| **महिला जनसंख्या** | ५०८ | ११४२ | ९८४ | ६९७ | १०१३ | ७२२ | ७९४ | १२१९ | ७०७९ |
| **अन्य जनसंख्या** | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा जनसंख्या** | १०८८ | २१६१ | १९१३ | १४२६ | २१८७ | १६२० | १७९६ | २५५२ | १४७४३ |

*श्रोत: सिमकोट गाँउपालिकाको पार्श्वचित्र*

२०७८ सालको राष्ट्रिय जनगणनाको प्रारम्भिक प्रतिबेदन अनुसार यस गाँउपालिकाको कुल जनसंख्या १२ हजार १ सय ३० जना रहेकोमा ६ हजार १ सय १ जना पुरुष र ६ हजार २९ जना महिला रहेका छन् भने क्षेत्रफल करिब ७८९।८९ वर्ग कि मि रहेको छ । जातीय रुपमा मिश्रित बसोबास रहेको छ । विशेष गरी ब्राम्हण, क्षेत्री, लामा र दलितहरुको बसोबास रहेको देखिन्छ ।

यस गाँउपालिकाका जम्मा २५१२ घरधुरी रहेको छ । वडागत रूपमा घरधुरी संख्यालाई विश्लेषण गर्दा विविधता युक्त रहेको देखिन्छ । सबैभन्दा कम घरधुरी वडा नं.१ मा १७७ र सबैभन्दा बढी वडा नं. ८ मा ४८७ रहेको छ । यसै गरी सबैभन्दा बढी जनसंख्या वडा न. ८ मा २५५२ तथा सबैभन्दा कम जनसंख्या वडा न. १ मा १०८८ रहेको देखिएको छ ।

**तालिका १: उमेरका आधारमा सिमकोट गाउँपालिकाको जनसाङ्ख्यिक विवरण**

| समुह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| ० - ५ | ७०८ | ५८० | १२८८ |
| ०६ - १५ | १२५५ | १०२७ | २२८२ |
| १६ - ५९ | ४२१४ | ३४४८ | ७६६२ |
| ६० वर्ष भन्दा माथि | ७०३ | ५७२९ | १२७५ |
| **जम्मा** | **६८८०** | **५६२७** | **१२५०७** |

स्रोत: DHIS- 2 (Target population 2079/080)

**तालिका १ क : जातजाति अनुसार जनसङ्ख्या**

| वडा नम्बर | दलित | | | जनजाती अन्य | | | क्षेत्री | | | वाह्मण | | | व्यासी | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | ० | ० | ० | २८१ | ३१२ | ५९३ | २२७ | २६८ | ४९५ | ० | ० | ० | ० | ० | ० | ५०८ | ५८० | १०८८ |
| २ | १८० | २१६ | ३९६ | १२ | २२ | ३४ | ९४४ | ७७० | १७१४ | ६ | ११ | १७ | ० | ० | ० | ११४२ | १०१९ | २१६१ |
| ३ | १९९ | १८६ | ३८५ | ७८५ | ७४३ | १५२८ | ० | ० | | ० | ० | ० | ० | ० | ० | ९८४ | ९२९ | १९१३ |
| ४ | ४८ | ५३ | १०१ | ४४० | ४६१ | ९०१ | २०९ | २१५ | ४२४ | ० | ० | ० | ० | ० | ० | ६९७ | ७२९ | १४२६ |
| ५ | २१९ | २०७ | ४२६ | ० | ० | ० | ७९४ | ९६७ | १७६१ | ० | ० | ० | ० | ० | ० | १०१३ | ११७४ | २१८७ |
| ६ | २४५ | ३१४ | ५५९ | ० | ० | ० | ४७७ | ५८४ | १०६१ | ० | ० | ० | ० | ० | ० | ७२२ | ८९८ | १६२० |
| ७ | १३९ | २८७ | ४२६ | ० | ० | ० | ६५५ | ७१५ | १३७० | ० | ० | ० | ० | ० | ० | ७९४ | १००२ | १७९६ |
| ८ | ३६४ | ३९५ | ७५९ | ० | ० | ० | ४३९ | ४७० | ९०९ | ० | ० | ० | ४१६ | ४६८ | ८८४ | १२१९ | १३३३ | २५५२ |
| **जम्मा** | **१३९४** | **१६५८** | **३०५२** | **१५१८** | **१५३८** | **३०५६** | **३७४५** | **३९८९** | **७७३४** | **६** | **११** | **१७** | **४१६** | **४६८** | **८८४** | **७०७९** | **७६६४** | **१४७४३** |

श्रोत : गाउपालिका पार्श्वचित्र २०७६

## २.२ विपद्का घटना एवम् क्षति विश्लेषण

सिमकोट गाउँपालिकाको विपद् पूर्वतयारी तथा व्यवस्थापनको उद्धेश्य परिपूर्ति गर्न समुदायको प्रकोप , संकटासन्नता तथा क्ष ति विश्लेषण गरिएको थियो । सिमकोट गाउँपालिका, वडा अध्यक्ष तथा सदस्यहरु , समुदायका व्यक्तिहरु, समुदायमा भएका अन्य क्रियाशील समूहका पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा सहभागिमूलक प्रक्रियाबाट संकटासन्नता तथा क्षमताको कार्य सम्पन्न भएको थियो । अभिमुखिकरण प्राप्त कार्यक्रमका कर्मचारी, स्वयंसेवमहरु सहितको कार्यदलको सहजीकरणमा समुदायका मानिसहरुलाई विभिन्न

समुहमा राखी संकटासन्नता तथा क्षमता विश्लेषणमा प्रयोग हुने औजार बारे जानकारी दिइ सूचनाहरु संकलन गरिएको र संकलित सूचनाहरु समुदायका मानिसहरुको उपस्थितिमा रुजु समेत गरिएको थियो ।

मुख्यतया आगलागी, पहिरो, भुकम्प, चटयाङ, असिना, बाढी, खडेरी, महामारी, बालीनालीमा कीरा लाग्ने, हावाहुरी, हिमपात जस्ता प्रकोपले यो समुदाय तथा समुदायमा रहेका घरहरु , विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवनहरु, विजुली पावरहाउस, कुलो, खानेपानीका धारा, आदि संरचनाहरु खतरामा पार्ने गरेको छ । यसका साथै बर्षातको मौसममा समुदायको प्रायःजसो क्षेत्रमा भल बाढी पस्ने तथा बर्षातमा भलका कारणले बालुवा , माटो आदि बगाई समुदाय परिसर तथा खेतीयोग्य जमीनमा थुपारीदिनाले पनि निकै असर गर्ने गरेको छ । यो सिमकोट गाउँपालिकामा आगलागी , पहिरो भुकम्प, चटयाङ, असिना, बाढी, खडेरी, महामारी, बालीनालीमा कीरा लाग्ने, हावाहुरी र हिमपात प्रमुख विपद् हुन् ।

तालिका २: सिमकोट गाँउपालिकामा विगतमा भएका विपद्का घटनाहरु र यसबाट भएको क्षति

| विपद् / घटनाको वर्ष | प्रभावित स्थान/क्षेत्र | विषय क्षेत्रमा परेको प्रभाव | मानवीय क्षति | आर्थिक नोक्सानी हजारमा |
|---|---|---|---|---|
| भूकम्प २०७२ | सम्पूर्ण वडाहरुमा सामान्य प्रभाव | - ५० घर चर्किएको | | ५०००० |
| पहिरो २०६६, २०६८, २०६९, २ ०७०, २०७१, २०७२ , २०७३, २०७४ र २०७८ | वडा नं १, २, ४, ७ र ८ | - ७ घरहरुमा पुर्ण क्षति<br>- ३ घट्ट पुर्ण क्षति<br>- २० रोपनी कृषि जमिनमा क्षति<br>- विद्युत संरचना क्षति<br>- १०-१२ गाईको मृत्यु<br>- २० हेक्टर बनको नाश<br>- ८ घरपरीवार बिस्थापित<br>- बालबालिकाले अविभावक गुमाएको<br>- गरिवी बढेको, खाद्य संकट<br>- झाडा पखाला, कुपोषण जस्ता महामारी फैलिएको | १० | २ करोड |
| बाढी २०४७, २०६१ र २०७२ | २, ४, र ८ नं वडा | - ७ घरहरुमा पुर्ण क्षति<br>- २५ घोडा, ६० झुपाको मृत्यु<br>- २० रोपनी कृषि जमिनमा क्षति<br>- स्याउ, बालिनालीको नाश<br>- ५ घरपरीवार बिस्थापित<br>- बालबालिकाले अविभावक गुमाएको<br>- झाडा पखाला, कुपोषण जस्ता महामारी फैलिएको | ० | १।५० करोड |
| खडेरी २०६८ देखि नियमित | वडा नं १,२,५,६ ७ | - खाद्य संकट हुने<br>- गरिबी तथा भोकमरी<br>- कुपोषण | ० | १-२ करोडको अन्नबाली |
| आगलागी २०५८, २०६८ र २०७८ | सबै वडा | - २२ घरधुरी जलेर नष्ट<br>- घाँस दाउरा जलेर नष्ट<br>- ३० हेक्टर बनमा क्षति<br>- स्वास प्रस्वाससमा समस्या | ० | ५ करोड |
| हावाहुरी | सबै वडा | - ११ घर तथा स्कुलको छाना उडाएको | ० | ५५ लाख |

Draft

| विपद् / घटनाको वर्ष | प्रभावित स्थान/क्षेत्र | विषय क्षेत्रमा परेको प्रभाव | मानवीय क्षति | आर्थिक नोक्सानी हजारमा |
|---|---|---|---|---|
| २०६४, २०६९, २०७२, २०७४ र २०७८ | | - बाटो अवरुद्ध<br>- बिद्यालय अवरुद्ध<br>- मानसिक तनाब | | |
| असिना<br>२०४५, २०४९, २०५०, २०५१, २०५२, २०५७, २०५९, २०६१, २०६६, २०६८ र २०७३ | सबै वडा | - ५० गाइ गोरु, झुपा, झुमा रा घोडाको मृत्यु<br>- ३०० भेडा बाख्राको मृत्यु<br>- स्याउ, ओखरको नाश<br>- बालिनालीको नाश<br>- गरिबी | ० | ५ करोड |
| हिमपात<br>२०३५, २०४५, २०४८, २०५८, २०६३, २०६८ र २०७७ | सबै वडा | - ५० गाइ गोरु, झुपा, झुमा रा घोडाको मृत्यु<br>- ३०० भेडा बाख्राको मृत्यु<br>- स्याउ, ओखरको नाश<br>- बालिनालीको नाश<br>- गरिबी<br>- बाटो अवरुद्ध<br>- हिउले हात, खुट्टा खाएको | | ५ करोड |
| हिम पहिरो<br>२०७० | वडा नं १, ४, र ८ | - १२ घट्ट पुर्ण क्षति<br>- १०-१२ काठेपुल भत्केको<br>- १५ याक मरेको<br>- जंगल खोला कटान<br>- गरिबी | २ | ६५ लाख |
| किटजन्य प्रकोप (सलह किरा, फौजी किरा, शंखे किरा)<br>२०६८ देखि हाल सम्म | सबै वडा | - ८०-९० रोपनी खेतीपाती नष्ट | ० | ३० लाख |
| मिचाहा झार, कालोपोके आतंक<br>२०५८ देखि हाल सम्म | सबै वडा | - बालीनाली नष्ट | ० | ५ लाख |
| झाडापखाला (महामारी)<br>२०५५ र २०६५ | वडा नं २, ५, ६, ७ र ८ | - संक्रमण, मृत्यु<br>- मनोवैज्ञानिक प्रभाव<br>- आर्थिक क्षेत्रमा प्रभाव<br>- २०० घरमा फैलियो | १६ | १० लाख |
| कोभिड<br>२०७७ साल देखि हाल सम्म | सबै वडा | - संक्रमण, मृत्यु<br>- मनोवैज्ञानिक प्रभाव<br>- आर्थिक क्षेत्रमा प्रभाव<br>- शैक्षिक क्षेत्रमा प्रभाव | ३ | ५ लाख |

Draft

| विपद् / घटनाको वर्ष | प्रभावित स्थान/क्षेत्र | विषय क्षेत्रमा परेको प्रभाव | मानवीय क्षति | आर्थिक नोक्सानी हजारमा |
|---|---|---|---|---|
| | | - श्वास प्रश्वासमा समस्या<br>- लान्छना तथा भेदभाव | | |
| कुपोषण (नियामित) | सबै वडा | - कुपोषण<br>- मनोवैज्ञानिक प्रभाव<br>- आर्थिक क्षेत्रमा प्रभाव<br>- शैक्षिक क्षेत्रमा प्रभाव | ६ | |
| टाइफाइड २०७५ | सबै वडा | - मनोवैज्ञानिक प्रभाव<br>- आर्थिक क्षेत्रमा प्रभाव<br>- शैक्षिक क्षेत्रमा प्रभाव | | ३-४ लाख |

*श्रोत: गाँउपालिकाको प्रकोप सङ्कटासन्नता तथा क्षमता लेखाजोखा, २०७८*

## २.३ सिमकोट  गाँउपालिका प्रमुख र प्राथमिकतामा रहेका प्रकोपहरू

माथिको प्रस्तुत गरिएको प्रकोपको ऐतिहासिक समयरेखाको तालिकालाई विश्लेषण गर्दा यस सिमकोट गाउँपालिकामा खास गरी पहिरो , बाढी, खडेरी, महामारी, आगलागी, हावाहुरी, असिना, हिमपात, हिमपहिरो, रोग तथा किराहरुको प्रकोप , र नदी कटान आदि जलवायुजन्य प्रकोप तथा घटनाहरु विभिन्न समयमा घटेको देखिन्छ । यीं उल्लेखित प्रकोपहरु मध्ये सवै भन्दा बढी १ १ पटक असिना दोहोरिएको देखिन्छ । त्यस पछि खडेरी, पहिरो, हिमपात, हावाहुरी, र बाढी क्रमशः १०, ९, ७, ५, ३, २ र १ पटक दोहोरिएको देखिन्छ भने नदी कटान र रोग किराहरुको प्रकोप असर तथा प्रभाव त्यति धेरै नभए पनि बर्षेनी देखिने गरेको छन् । समग्रमा बढ्दो जनसंख्याको कारण तिव्र रुपमा बनजंगल फडानी भइरहेकोले पहिरोका घटनाहरु विभिन्न स्थानहरुमा बर्षेनी घट्ने गरेको पाइन्छ । जसले गर्दा भौतिक संरचनाहरु बगाउने , भत्काउने, मान्छेहरुको मृत्य हुने, खेती योग्य जमिन बगाउने, पशु चौपायहरु बगाउने गरेको पाइन्छ । यसै गरी खडेरी पनि बर्षेनी दोहोरिरहेको देखिन्छ जसले गर्दा उत्पादनमा कमी , खाद्य असुरक्षा, भोकमरी, पानीका मुलहरु सुक्ने जस्ता मुख्य असरहरु देखिन्छन् । माथि उल्लेखित सम्पूर्ण जलवायु जन्य प्रकोपका असरहरुसँग जुध्नको लागि स्थानीय समुदायले स्थानीय ज्ञान सिपको प्रयोग गरेको बाहेक बाह्य निकायहरुको निकै कम तथा नगण्य देखिन्छ ।

बढ्दो जनसंख्या र तिव्र बनजंगल विनासका कारण बाढी , पहिरो, खडेरी, असिना जस्ता प्रकोपहरु भविष्य पनि दोहोरिने र त्यसका असरहरुको गहिराई पनि बढ्ने देखिन्छ । अर्को तिर जनचेतनामा वृद्धी , सडक संजाल विस्तारसँगै स्वास्थ्यमा सहज पहुँच वृद्धीका कारण आगलागी , महामारी, रोगहरुको प्रकोप आदिको असरहरु तुलनात्मक रुपमा केही कम हुने देखिन्छन् । साथै पहिलेको तुलनामा हिउँको मात्रामा कमि आइरहेका कारण हिमपहिरो र हिमपात जस्ता प्रकोपहरु दोहोरिने सम्भावना कम देखिन्छ ।

सिमकोट गाँउपालिकामा क्रमशः भूकम्प, पहिरो, बाढी, आगलागी, जनावर आतंक, किटजन्य प्रकोप प्रमुख र प्राथमिकतामा रहेका प्रकोपहरु हुन् भने कोभिड महामारी , झाडापखाला, कुपोषण र टाइफाइड स्वास्थ्य संकट निम्त्याउन सक्ने स्वास्थ्यसँग सम्बन्धित प्रमुख प्रकोपहरु हुन् । तालिका २.४.१ मा वडागत र गाँउपालिकाको प्रकोप तथा स्वास्थ्य संकट स्तरीकरण प्रस्तुत गरिएको छ ।

Draft

## २.४.१ प्रकोप स्तरीकरण

**तलिका ३ : प्रकोपको स्तरीकरण**

| प्रकोप | पहिरो | बाढी | खडेरी | आगलागि | हावाहुरी | असिना | हिमपात | हिमपहिरो | रोग किराको प्रकोप तथा वन्य जन्तु आतंक | मिचाहा झार् कालो पोके |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| बाढी | | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| खडेरी | | | | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी |
| आगलागी | | | | | आगलागी | आगलागी | हिमपात | आगलागी | रोग किराको प्रकोप | आगलागी |
| हावाहुरी | | | | | | हावाहुरी | हिमपात | हावाहुरी | रोग किराको प्रकोप | हावाहुरी |
| असिना | | | | | | | असिना | असिना | रोग किराको प्रकोप | मिचाहा झार |
| हिमपात | | | | | | | | हिमपात | रोग किराको प्रकोप | मिचाहा झार |
| हिमपहिरो | | | | | | | | | रोग किराको प्रकोप | मिचाहा झार |
| रोग किराको प्रकोप | | | | | | | | | | रोग किराको प्रकोप |
| मिचाहा झार | | | | | | | | | | |
| जम्मा | ९ | ८ | ७ | ४ | ३ | २ | १ | ० | ५ | ३ |
| स्तर | १ | २ | ३ | ५ | ६ | ७ | ८ | ९ | ४ | ६ |

यस समुदायका वडा नं. ३, ५ र ६ बाहेकका सबै वडाहरुका लागि पहिरो मुख्य समस्याको रुपमा रहेको छ भने बालीनालीमा कीरा लाग्ने र आगलागी जस्ता समस्याहरु भने गाउँपालिका भरि नै मुख्य समस्याका रुपमा रहेका छन् । यसरी प्रकोप नक्शांकन गर्दा र समुदायमा हुने गरेका प्रकोपहरु र त्यसबाट भैरहेका असरहरुको सम्बन्धमा छलफल गरी स्तरीकरण गर्दा , यस गाउँपालिकालाई सबैभन्दा बढी असर पहिरोले पुयाइरहेको देखिन्छ त्यसपछी क्रमशः बाढी र खडेरीले बढी असर पहिरोले पुयाइरहेको देखिन्छ । वर्षेनी लामो समयसम्म पानी नपर्ने र हिउँदमा समेत हिउँ नपर्नाले बालीनालीमा कीराहरु लाग्ने र लामो खडेरीका कारण बस्तीहरुमा आगलागी र जंगलहरुमा डढेलो लाग्ने गरेको छ । खडेरीबाट सानो ठूलो क्षति समुदायले प्रायःजसो व्यहोरिरहेको छ भने यसको परिणामस्वरुप हुने आगलागी र बालीनालीमा कीरा लाग्ने समस्याले समेत ठूलो रुप लिई समुदायमा प्राय सबै वडाहरुमा खाद्यान्न समस्या समेत आउने गरेको छ । सरसफाइप्रति केही समुदायमा थोरबहुत चेतना देखिए पनि भौगोलिक दुरावस्था र अव्यवस्थित बस्ती विकास , घरहरुको संरचना , सरसफाइका लागि चाहिने आवश्यक आधारहरुको कमीका कारणसमेतले समुदायलाईं असर पारिरहेको छ । एक विपद्का घटनाले अर्को विपद् निम्त्याउँछ भने झैं समुदायमा हुने यी विपद्का घटनाहरुले भोकमरी , महामारी, कुपोषण जस्ता अन्य विपदहरु समेत निम्त्याइरहेको छ । माटा र काठका घरहरु भएका बस्तीहरुमा आगलागीका घटनाहरु बढी हुने गरेको जसले गर्दा विपन्न समुदायका परिवारहरु बढी जोखिममा रहेका छन् ।

## तालिका ४: वडागत रुपमा प्रमुख प्रकोपहरु

| | |
|---|---|
| वडा नं. | १, २, ४, ७ र ८ |
| प्रकोपको किसिम | भुकम्प, पहिरो, बाढी, आगलागी, महामारी |
| प्रमुख प्रकोप | पहिरो |
| इतिहास | हरेक बर्ष हुने गरेको |
| बारम्बारता | ५/७ बर्षमा ठूलै पाहिरो आएर जानधनको क्षेति भएको |
| जटिलता | मानिसहरुको बसाइसराइ, पशुपालन, कृषि र जीविकोपार्जनका क्षेत्रहरुमा नराम्ररी असर |
| अवधि | १ देखि २ बर्ष |
| स्थान | वडाका सबै क्षेत्र |
| लक्षण असर | धेरै पानी पर्ने |
| प्रवृति | स्थानीयका अनुसार कहिले धेरै पानी पर्नाले विगतमा गाउँको तल र बीचबाट पहिरो गएको र गाउँको माथि चिराचिरा परेकोले फेरि पनि अधिक बर्षातको कारण गाउँ नै बग्न सक्ने |

| | |
|---|---|
| वडा नं. | १, २, ५, ६ र ७ |
| प्रकोपको किसिम | भुकम्प, बाढी, पहिरो खडेरी, आगलागी, महामारी |
| प्रमुख प्रकोप | खडेरी |
| इतिहास | हरेक बर्ष हुने गरेको |
| बारम्बारता | ५÷७ बर्षमा ठूलै खडेरी परेर भोकमरी हुने गरेको |
| जटिलता | मानिसहरुको बसाइसराइ, पशुपालन, कृषि र जीविकोपार्जनका क्षेत्रहरुमा नराम्ररी असर |
| अवधि | १ देखि २ बर्ष |
| स्थान | वडाका सबै क्षेत्र |
| लक्षण असर | अघिल्ला महिनाहरुदेखि नै कम पानी पर्ने , बोटरुिवाहरुमा फुल फुल्ने , कीराहरुका क्रियाकलापहरुमा परिवर्तन, हावा चल्ने आदि |
| प्रवृति | किसानहरुका अनुसार पहिलाको भन्दा खडेरी बढी दोहोरिरहेको छ र पानी अनियमित र अनुमान गर्न नसकिने हुन्छ |

नोटः नेपाल भूकम्पको उच्च जोखिममा रहेको मुलुक हुँदा प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई तुलनामा नराखी पहिलो नम्बरको प्रकोपको रुपमा प्राथमिकतामा राखी योजना तर्जुमा गर्नुपर्ने हुन्छ भनी स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ मा स्पष्ट उल्लेख गरिएकोले स्तरीकरण नगरी यस समुदायका लागि पनि प्रमुख प्रकोपका रुपमा राखिएको छ ।

Draft

## २.४.२ प्रकोपको मौसमी विश्लेषण

भौगर्भिक प्रकृयाबाट उत्पन्न हुने भूकम्प जस्ता प्रकोप जुनसुकै समयमा पनि आउन सक्छन् जसको मौसमी प्रकृति हुँदैन । भूकम्पको लागि बाह्रै महिना उत्तिकै जोखिमयुक्त समय हो । जलवायु अथवा मौसमजन्य प्रकोपका घटना मौसममा निर्भर हुन्छन । मनसुनी हावापानीको क्षेत्रमा अवस्थित नेपालमा हावापानीको विशेषता त्यसै अनुरूप निर्धारण भएको हुन्छ । नेपालमा वार्षिक वर्षाको ८० प्रतिशत वर्षायामको चार महिनामा हुने गर्छ भने हिउँदे वर्षा कम मात्र हुने गर्दछ । त्यसकारण बाढी, डुवान जस्ता जलउत्पन्न प्रकोप जेठ देखि असोजसम्मको चार /पाँच महिनाको अवधिमा बढी हुने गर्दछन् । हिउँदको समय सुख्खा हुने तथा फागुन चैतमा हावाहुरी पनि बढ्ने हुँदा आगलागीका घटना पनि बढ्छन् । सडक दुर्घटनाको कुनै मौसमी प्रकृति त हुँदैन तर वर्षाको समयमा सडक खराव हुने र बाढी पहिरोले पनि सडक दुर्घटना बढाउने भएकोले दुर्घटनाहरू बढी हुने गर्दछन् । समग्रमा महामारीको पनि खासै मौसमी प्रकृति देखिँदैन तर केहीमहामारी वर्षा एवम् गर्मी समयमा बढी हुने गर्दछ ।

प्रकोप पात्रो विश्लेषणले प्रकोपको मौसमी प्रकृति अनुसार पूर्वतयारीको लागि कुन समयमा केन्द्रित हुने र प्रतिकार्यको लागि कुन समयमा तत्पर रहने भन्ने योजना तयार गर्न मद्दत गर्दछ । सिमकोट गाउँपालिकाको सन्दर्भमा असारदेखि असोजसम्मको समयमा बढी विपद्का घटनाहरू हुन सक्ने समय हो । यो समयमा सबैभन्दा बढी बाढी तथा डुवानका घटनाहरू हुन सक्छन् । सडक दुर्घटना , महामारी र भूकम्प जुनसुकै बेला पनि हुन सक्छ । त्यसैले वर्षा शुरू हुनुभन्दा अगाडी बैशाखमा पूर्वतयारी तथा प्रतिकार्य यो जनाको पुनरावलोकन गर्ने, आवश्यक र तत्काल गर्नुपर्ने त यारीहरू गर्ने, संयन्त्र, जनशक्ति, यन्त्र, उपकरण तयारी अवस्थामा राख्ने गर्नु पर्द छ ताकि विपद्को समयमा छिटो र व्यवस्थित तरिकाले काम गर्न सकियोस् र जनधनको क्षति नहोस् ।

**तालिका ५: सिमकोट गाउँपालिकाको प्रकोप पात्रो**

| प्रकोप | बैसाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंशीर | पौष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | | | | | | | | | | | | |
| पहिरो | | | | | | | | | | | | |
| बाढी | | | | | | | | | | | | |
| खडेरी | | | | | | | | | | | | |
| रोगकिराको प्रकोप | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| हावाहुरी | | | | | | | | | | | | |
| असिना | | | | | | | | | | | | |
| हिमपात | | | | | | | | | | | | |
| हिमपहिरो | | | | | | | | | | | | |
| कोभिड महामारी | | | | | | | | | | | | |
| टाइफाइड | | | | | | | | | | | | |

*स्रोत: गाउँपालिकाको प्रकोप सङ्कटासन्नता तथा क्षमता लेखाजोखा, २०७८*

Draft

## २.५ सामाजिक सङ्कटासन्नता विश्लेषण

एउटै विपद्को घटनाबाट पनि फरक सामाजिक समूह र उमेर समूहका मानिसलाई फरक किसिमले प्रभाव र असर पर्दछ । अपाङ्गता भएका व्यक्तिहरू, बालबालिकाहरू, बृद्धबृद्धाहरू, दीर्घरोगी तथा गर्भवती र शिशुलाई दुध खुवाउँदै गरेका आमाहरु अन्यको तुलनामा विपद्को उच्च जोखिममा हुने गर्दछन् । २०७२ सालको भूकम्पमा मृत्यु भएको जनसङ्ख्याको ४५ प्रतिशत पुरूष र ५५ प्रतिशत महिलाको सङ्ख्या रहेको थियो[1] । । यस गाउँपालिकामा २.३१ प्रतिशत जनसङ्ख्या १ वर्ष मुनिको छ । १० .९७ प्रतिशत जनसङ्ख्या ५ वर्ष मुनिको छ । अपेक्षित गर्भवतीको सङ्ख्या ३.०५ प्रतिशत छ । ३०.४५ प्रतिशत जनसङ्ख्या १५ वर्ष मुनिको छ । ८.६६ प्रतिशत जनसङ्ख्या ६५ वर्ष माथिको छ ।अपाङ्गता भएको जनसङ्ख्या १.५९ प्रतिशत र दिर्घरोगीको जनसङ्ख्या १ .९२ प्रतिशत रहेको छ । वृद्धवृद्धा, अपा ङ्गता भएका व्यक्ति, दीर्घरोगी , बालबालिका, गर्भवती तथा दुध खुवाउने आमा उमेर वा स्वास्थ्य एवम् शारिरिक संवेदनशीलताका कारण विपद् एवम् महामारीजन्य प्रकोपको बढी जोखिममा हुन्छन् । विपद् न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य सञ्चालन र मानवीय सहायताका लागि काम गर्दा यस प्रकार का जोखिममा रहेका समुहहरूको फरक आवश्यकता र उनीहरुको संरक्षणलाई प्राथमिकतामा राखेर सम्बोधन गर्नुपर्दछ ।

**तालिका ६: सिमकोट गाउँपालिकाको संवेदनशील एवम् जोखिममा रहेको समूह र परिवारको वडागत जनसङ्ख्या**

| वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ वर्ष मुनिको जनसङ्ख्या | २३ | ४६ | २२ | २० | ५८ | ५० | ६२ | ६० | ३४१ |
| ५ वर्ष मुनिको जनसङ्ख्या | १०९ | २१९ | १०३ | ९३ | २७६ | २३९ | २९४ | २८५ | १६१८ |
| १५ वर्ष मुनिको जनसङ्ख्या | ३०२ | ६०९ | २८७ | २५८ | ७६५ | ६६३ | ८१५ | ७९१ | ४४९० |
| अपेक्षित गर्भवती जनसङ्ख्या | ३० | ६१ | २९ | २६ | ७७ | ६६ | ८२ | ७९ | ४५० |

## २.६ प्रकोप सङकटासन्नता तथा जोखिम विश्लेषण

संकटासन्नता, विगतमा विपद्बाट भएको असर , छलफलबाट आएका तथ्य तथा सूचनाहरूका साथै अन्य सूचनाहरूको विश्लेषण समेतको आधारमा प्रमुख प्रकोपहरूको जोखिम स्तर निर्धारण गरिएको छ । कुनै पनि प्रकोपको सङ्कटासन्नता समुदाय तथा जनसङ्ख्याको संवेदनशीलता, विपद्का घटनाको आवृत्ति, गाम्भिर्यता र प्रभावको विस्तार जस्ता कुराहरुको आधारमा उच्च, मध्यम र न्यून गरी जोखिम स्तर निर्धारण गरिएको छ । यसरी विश्लेषण गर्दा यस गाउँपालिकामा भूकम्प, पहिरो, बाढी, आगलागि, खडेरी, र कोभिड १९ को उच्च जोखिम रहेको देखिन्छ भने हावाहुरी, असिना पानि, किराको प्रकोप र हिमपात को मध्यम जोखिम देखिएको छ ।

[1] भूकम्प पश्चातको आवश्यकता लेखाजोखा प्रतिवेदन, २०७२: राष्ट्रिय योजना आयोग

तालिका ७: सिमकोट गाउँपालिकाको प्रकोप संकटासन्नता तथा जोखिम विश्लेषण

| विपद् | संकटासन्नता (Vulnerability) | आवृत्ति (Frequency) | गम्भिर्यता (Intensity) | प्रभाव (Impact) | जोखिम (Impact) |
|---|---|---|---|---|---|
| भूकम्प | **उच्च (३)**<br>- सिंगो हिमालय क्षेत्र नै उच्च जोखिममा रहेको<br>- भौगर्भिक चिराहरू नजिकै रहेको<br>- भवन संरचनाहरू कमजोर रहेको<br>- वृद्धबृद्धा, बालबालिका, अपाङ्गता भएको जनसङख्या उल्लेख्य रहेको | मध्यम (२) | उच्च (३) | उच्च (३) | उच्च (५४) |
| पहिरो | **उच्च (३)**<br>- बनजङ्गल फडानि र वृक्षारोपण को कमि<br>- बनजङ्गल मा डडेलो लगाउने चलन<br>- सम्पुर्ण जनसङख्या बन जङ्गल मा आश्रित<br>- विकास निर्माणका कामले बढाएको जोखिम<br>- वृद्धबृद्धा, बालबालिका, अपाङ्गता भएको जनसङ्ख्या | उच्च (२) | उच्च (३) | मध्यम (३) | **उच्च** ५४ |
| आगलागी | मध्यम (२)<br>- बढ्दै गएको सुख्खा याम<br>- सामाजिक आर्थिक सङ्कटासन्नता<br>- जनचेतनाको कमजोर अवस्था | उच्च (३) | उच्च (३) | मध्यम (२) | **उच्च** ३६ |
| बाढी | मध्यम (२)<br>- नदी किनारमा बढेको अतिक्रमण<br>- माथिल्लो जलाधार क्षेत्रमा जाने पहिरो<br>- बाढीको जोखिमयुक्त ठाउँमा बसेको बस्ती<br>- विकास निर्माणका कामले बढाएको जोखिम<br>- वृद्धबृद्धा, बालबालिका, अपाङ्गता भएको जनसङ्ख्या | मध्यम (२) | उच्च (३) | मध्यम (२) | **मध्यम** २४ |
| खडेरी | मध्यम (२)<br>- जलवायुमा आएको परिवर्तन<br>- बनजङगल फडानि<br>- खुकुलो बलौटे ढुङ्गा मिसियको माटो<br>- आगलागि र डडेलो<br>- जनचेतनाको स्तर | मध्यम (२) | मध्यम (२) | मध्यम (२) | **मध्यम** १६ |
| हावाहुरी | मध्यम (२)<br>- जलवायुमा आएको परिवर्तन<br>- कमजोर सामाजिक आर्थिक अवस्था<br>- जनचेतनाको स्तर | मध्यम (२) | उच्च (२) | मध्यम (२) | **मध्यम** १६ |
| कोभिड १९ | उच्च (३)<br>- उच्च संक्रामक भाइरस<br>- कमजोर स्वास्थ पूर्वाधार र तयारी<br>- सावधानीका उपायहरूको कमजोर पालना<br>- जनचेतनाको कमजोर स्तर | मध्यम (२) | उच्च (३) | उच्च (३) | **उच्च** ५४ |

| विपद् | संकटासन्नता (Vulnerability) | आवृत्ति (Frequency) | गम्भिर्यता (Intensity) | प्रभाव (Impact) | जोखिम (Impact) |
|---|---|---|---|---|---|
| | - सामाजिक आर्थिक सङ्कटासन्नता<br>- उच्च जोखिम समूहमा रहेको जनसंख्या | | | | |
| | | | | | |
| हिमपात | **मध्यम (२)** | मध्यम (२) | मध्यम (२) | मध्यम (२) | १६ |

## २.७ सम्भाव्य प्रकोप प्रभाव आँकलन तथा नक्शाङ्कन

तालिका ८: सिमकोट गाउँपालिकाको सम्भाव्य प्रकोप आँकलन तथा नक्शाङ्कन

| प्रमुख विपद् | उच्च जोखिम वडा | उच्च जोखिम वस्तीहरू | जोखिममा रहेको पूर्वाधार | जोखिममा रहेका घरधुरी | जोखिममा रहेको जनसंख्या |
|---|---|---|---|---|---|
| भुकम्प | सबै | सबै | सबै | सबै | सबै |
| पहिरो | १, २, ४, ७ र ८ | दोजाम, बैजिवाडा, कुमलिक, ठेहे, स्याम्ने, हिलदुम, बुराउँसे, तल्लो गाउँ, धारावाडि, खोल्सी, साँता, याङगु, पाउँवाडा | स्कुल, बाटो, बस्तीहरु, मठ मन्दिर, पावर हाउस | ४०० | २४०० |
| बाढी | २, ४, ५, ६, ७ र ८ | दोजाम, बैजिवाडा, कुमलिक, ठेहे, स्याम्ने, हिलदुम, बुराउँसे, तल्लो गाउँ, धारावाडि, खोल्सी, साँता, याङगु | स्कुल, बाटो, बस्तीहरु, मठ मन्दिर, पावर हाउस | ४०० | २४०० |
| खडेरी | १, २, ५, ६ र ७ | धारापुरि, चौगनफया, पाम्लाथुङ,ठेहे, हिल्दुम, दोजाम | | १००० | ५००० |
| आगलागि | सबै | ठेहे, स्याडा, तल्लो गाउँ, माथिल्लो गाउँ, बरगाउँ | स्कुल, बाटो, बस्तीहरु, मठ मन्दिर | ७०० | ३५०० |

## २.८ विपद्को अनुमानित परिदृष्य

सिमकोट गाउँपालिकाको बहुप्रकोपको अवस्थालाई हेर्दा भूकम्प, पहिरो, बाढी, खडेरी, आगलागी, हावाहुरी, दुर्घटना, कोभिड १९ महामारी, जस्ता विपद् एवम् महामारीजन्य स्वास्थ्य संकटको जोखिम देखिन्छ । छलफलबाट गरिएको सङ्कटासन्नता तथा क्षमता विश्लेषणबाट प्रत्येक वर्ष दोहोरिरहने पहिरोबाट मात्र ४००

घरधुरी उच्च जोखिममा रहेको देखिएको छ भने २४०० जनसङ्ख्यालाई प्रत्यक्ष प्रभाव पर्ने देखिएको छ । भूकम्पको प्रभाव यो भन्दा व्यापक हुनसक्छ , भने कोभिडजस्ता महामारीजन्य विपद्को प्रभाव अझ धेरै विस्तार हुनसक्ने देखिन्छ । विपद्बाट गाउँको लगभग २० प्रतिशत जनसङ्ख्या प्रभावित हुँदा संवेदनशील तथा जोखिममा रहेको समूहको अनुमानित जनसङ्ख्या तालिका ९ दिइएअनुसार हुनसक्ने आँकलन गरिएको छ । प्रतिकार्यका क्रममा उक्त संवेदनशील समूहमा रहेको जनसङ्ख्यालाई प्राथमिकता राखेर उनीहरूको विशेष आवश्यकता र संरक्षणको प्रवन्ध गर्नुपर्दछ र विषय क्षेत्रगत पूर्वतयारीमा यसै अनुरुप तयारी गर्नुप्दछ ।

तालिका ९: संवेदनशील एवम् जोखिममा रहेको समूह र परिवारको वडागत जनसङ्ख्या

| **जोखिममा रहेको तथा संवेदनशील समूह** | **१ वर्ष मुनिको जनसङ्ख्या** | **५ वर्ष मुनिको जनसङ्ख्या** | **१५ वर्ष मुनिको जनसङ्ख्या** | **६५ वर्ष माथिको जनसङ्ख्या** | **अपेक्षित गर्भवती जनसङ्ख्या** | **अपाङ्गता भएको जनसङ्ख्या** |
|---|---|---|---|---|---|---|
| **प्रभावित हुनसक्ने अनुमानित जनसङ्ख्या** | ३४१ | १६१८ | ४४९० | १२७८ | ४५० | २३५ |

पहिरो, बाढी तथा भूकम्प जस्ता विपद्को अवस्थामा सडकहरू अवरुद्ध हुन्छन् । विद्युत तथा सचार संरचनाहरूमा क्षति भएर सेवा अवरूद्ध हुन पुग्छ । खोज उद्धारका लागि सूचना आदान प्रदानमा समस्या हुन्छ । सडक अवरूद्ध हुँदा घाइतेहरूको उद्धार र उपचार मा समस्या हुनका साथै मानवीय सहायता सामग्रीहरू प्रभावित समुदायसम्म पुर्याउन र सहायताकर्मीहरू त्य हाँ पुग्न नसक्ने अवस्था आउँछ । भूकम्पको समयमा घरहरू ध्वस्त हुन्छन । भूकम्प , पहिरो, बाढी तथा आगलागिको समयमा ठूलो जनसङ्ख्या विस्थापित हुने हुँदा बसोबासको प्रवन्ध गर्नुपर्ने हुन्छ । महामारीजन्य विपद् छिटो फैलनुका साथै प्रत्यक्ष मानव स्वास्थ्यमा असर पर्ने हुँदा दैनिक जनजीवन नराम्ररी प्रभावित हुन पुग्छ । यस्तो परिस्थितिमा सकेसम्म तत्काल र प्रभावकारी रूप मा स्वास्थ्य संकट व्यवस्थापन तथा मानवीय सहायतामा जुट्नु, संक्रमित एवम् घाइतेहरूको तत्काल उद्धार गरी जीवन रक्षाको लागि उपचारको प्रवन्ध गर्नु, प्रभावित तथा विस्थापितहरूलाई मानवीय सहायता उपलब्ध गराउनु र जनजीवन क्रमश : सामान्य अवस्थामा ल्याउन पहल गर्नु गाउँपालिकाको प्राथमिक दायित्व हुन्छ । यसको लागि आवश्यक र पर्याप्त पूर्वतयारीको जरूरत पर्दछ ।

## २.९ गाउँपालिकाको क्षमता विश्लेषण

विपद् एवम् स्वास्थ्य संकटको प्रभावकारी प्रतिकार्य, पर्याप्त पूर्वतयारी र विपद् पछिको परिस्थितिलाई यथाशीघ्र समान्य अवस्थामा फर्काउन तथा विपद् जोखिम न्यूनीकरणका गतिविधिहरू संचालन गर्न आवश्यक पर्ने संस्था, संरचना, नीति, कानून, योजना, पूर्वाधार, भौतिक स्रोत साधन, प्राकृतिक स्रोत, सामाजिक स्रोत, आर्थिक स्रोत र मानवीय स्रोतको वि द्यमान अवस्थाको लेखाजोखा र गाउँको विपद् प्रतिकार्य क्षमता सुदृढ गर्नको लागि गाउँपालिकाको क्षमता अभिवृद्धिको आवश्यकता विश्लेषण तालिका १० मा प्रस्तुत गरिएको छ ।

**तालिका १०: सिमकोट गाउँपालिकाको क्षमता विश्लेषण**

| क्षेत्र | अवस्था विश्लेषण | आवश्यकता विश्लेषण |
|---|---|---|
| कानून, नीति योजना | - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन र नियमावली तयार नभएको<br>- राहत कोष सञ्चालन सम्बन्धी कार्यविधिको कर्ययोजना नबनेको<br>- गाउँपालिकाको स्वास्थ्य नीति एवम् स्वास्थ्य ऐन बनेको,<br>- गाउँ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बन्ने क्रममा रहेको । | - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन र नियमावली बनाउनु पर्ने,<br>- ऐन एवम् कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्ने,<br>- विपद् राहत सम्बन्धी मापदण्ड बनाउनु पर्ने,<br>- जोखिम सूचूचित क्षेत्रगत विकास योजना बनाउनु पर्ने । |
| संस्था एवम् संरचना | - स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको,<br>- वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको,<br>- जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन विषयगत समिति गठन भएको,<br>- गाउँपालिकामा विपद् व्यवस्थापन सम्पर्क अधिकृत तोकिएको,<br>- गाउँपालिका तहमा द्रुत प्रतिकार्य टोली गठन भएको । | - खोज उद्धार, प्राथमिक उपचार, विपद् लेखाजोखा कार्यादल गठन गर्नुपर्ने,<br>- गाउँ आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गर्नुपर्ने,<br>- जनप्रतिनिधि र कर्मचारीलाई अभिमुखीकरण गर्नुपर्ने ।<br>- वडा तहमा द्रुत प्रतिकार्य टोली (RRT) गठन गर्नुपर्ने । |
| पूर्व सूचना तथा विपद् सूचना व्यवस्थापन | - गाउँपालिकाको स्वास्थ्य सम्बन्धी डिजिटल प्रोफाइल तयार भएको,<br>- गाउँ पार्श्वचित्र बने तापनि धेरै क्षेत्र नसमेटीएको<br>- स्वास्थ्य सम्बन्धी डिजिटल प्रोफाइल तयार भएको,<br>- गाउँको विपद् जोखिम एवम् स्वास्थ्य संकट सम्बन्धी अध्ययन नक्शाङ्कन नभएको ।<br>- गाउँ आपत्कालीन कार्य सञ्चालन केन्द्र सञ्चालन नभएको, | - गाउँको स्वास्थ्य प्रोफाइलमा स्वास्थ्य संकटलाई सम्बन्धी विवरण पनि समावेश गर्नुपर्ने<br>- गाउँ प्रोफाइलमा प्रमुख प्रकोप तथा विपद् सम्बन्धी विवरण समावेश गर्नुपर्ने ।<br>- गाउँपालिकामा आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गरी सञ्चालन गर्नुपर्ने |
| पूर्वाधार तथा भौतिक श्रोत साधन | - गाउँपालिकाको ८ नं. वडामा सडक नपुगेको<br>- सबै वडामा विद्युत पुगेको,<br>- सबै वडा र घरधुरीमा खानेपानी पुगेको,<br>- सबै वडा र घरधुरीमा सरसफाई सुविधा पुगेको,<br>- गाउँपालिकामा २२ वटा विद्यालय रहेको,<br>- गाउँमा रहेका स्वास्थ्य संस्थाहरू (हस्पिटल – १, स्वस्थ्य चौकी – ४, सामुदायिक स्वास्थ्य इकाई– ५, आधारभूत स्वास्थ्य केन्द्र– ३, बर्थिङ् सेन्टर –५),<br>- गाउँपालिकामा एम्बुलेन्स नभएको,<br>- गाउँपालिकामा दमकल नभएको । | - ८ नं. वडालाई सडक संजाल सँग जोडिन पहल र्गनु पर्ने<br>- आपत्कालीन आश्रयस्थल बनाउन सकिने सामुदायिक भवन तथा खुला ठाउँमा सडक, खानेपानी र सरसफाई पूर्वाधार निर्माण गर्नुपर्ने,<br>- प्रत्येक वडामा सामान्य खोज उद्धारका सामग्रीहरू,प्राथमिक उपचार एवम् स्वास्थ्य एवम् व्यक्तिगत सुरक्षाका सामग्रीहरू तयारी राख्नुपर्ने ।<br>- गाउँपालिकामा एम्बुलेन्सको व्यवस्था गर्नु पर्ने । |

Draft

| | | |
|---|---|---|
| प्राकृतिक श्रोत | - वनक्षेत्र रहेको<br>- खुला चउर रहेको<br>- नदीनाला रहेको<br>- पानीका मुहान रहेको<br>- ढुङ्गाखानी रहेको<br>- सल्लाघारी रहेको | - पानीका मुहान ताल पोखरी र वन क्षेत्रको संरक्षण गर्नुपर्ने ।<br>- आपत्कालीन आश्रयस्थल बनाउन सकिने ।<br>- खुला ठाउँको पहिचान गरी सडक खानेपानी र सरसफाई पूर्वाधारहरूको तयारी गर्नुपर्ने। |
| सामाजिक श्रोत | - आमा समूह<br>- टोल सुधार छैन<br>- युवा संस्था<br>- बाल क्लब<br>- सामुदायिक भवन<br>- सहकारी<br>- सामाजिक संघ संस्था | - टोल सुधार गठन गर्नु पर्ने ।<br>- सामाजिक संस्था तथा स्रोतहरूलाई विपद् न्यूनीकरण तथा पूर्वतयारीमा संलग्न गराउने र परिचालन गर्ने नीति र कार्यक्रम बनाउनु पर्ने ।<br>- सामाजिक संस्थाहरूको संयन्त्र बनाई उनीहरूको श्रोतलाई एकिकृत रुपमा परिचालन गर्नुपर्ने<br>- सामाजिक संस्थाहरूको विपद् व्यवस्थापन तथा प्रतिकार्य क्षमता बढाउनुपर्ने |
| आर्थिक श्रोत | - बैंक<br>- सहकारी<br>- बचत समूह<br>- विपद् कोष (१५,००००० ) | - नीति तथा प्रक्रिया तय गरी आर्थिक क्षेत्रलाई विपद् जोखिम न्यूनीकरणमा लगानी गर्ने र श्रोत परिचालन गर्नुपर्ने<br>- सहकारी संस्था तथा बचत समूहले आफ्ना सदस्यहरूका लागि आपत्कालीन सहायता कोषको प्रवन्ध गर्नुपर्ने<br>- बीमा कम्पनीहरूसँग समन्वय गरी विपद् बीमाको शुरूवात तथा प्रवर्धन गर्नुपर्ने |
| मानवीय श्रोत | - उद्धार तथा सुरक्षा कर्मी<br>- प्राथमिक उपचारक छैनन्<br>- स्वस्थ्यकर्मी ( डाक्टर–0, जनस्वास्थ्य निरीक्षक - ३, स्वास्थ्य सहायक– ४ , अहेब १६ जना, नर्सिंग अनमी १६ जना )<br>- भूकम्प प्रतिरोधी घर बनाउन सक्ने मिस्त्री -<br>- अस्थायी आवास निर्माण गर्न सक्ने जनशक्ति<br>- विपद् सम्बन्धी तालिम दिनसक्ने - | - गाउँपालिकामा रहेको जनशक्तिलाई संगठित रूपमा विपद् प्रतिकार्य र पूर्वतयारीमा परिचालनको लागि तयारी गर्नुपर्ने<br>- रेडक्रस संग समन्वय गरी प्राथमिक उपचारको तालिम दिइ प्राथमिक उपचारक टोली बनाउने ।<br>- वडा तहमा विपद् प्रतिकार्य टोली तयार गरी तालिम दिएर प्रथम सामुदायिक उद्धारक (First Community Responder) तयार गर्नुपर्ने<br>- भूकम्प प्रतिरोधी घर बनाउन सक्ने जनशक्तिलाई संगठित गरी क्षमता अभिवृद्धि गर्नुपर्ने ।<br>- विपद् लेखाजोखा गर्नसक्ने जनशक्ति वडा तहमा तयार गर्नुपर्ने<br>- प्रत्येक वडामा स्वास्थ्य संस्था अन्तरगत द्रुत प्रतिकार्य टोली (RRT) गठन गर्नुपर्ने । |

Draft

## २.१० विषयक्षेत्र तथा कार्य जिम्मेवारी

गाउँपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि विश्ववयापी तथा राष्ट्रिय तहमा भएका विषयगत क्षेत्रको अभ्यास, स्थानीय आवश्यकता र गाउँपालिकाको संस्थागत संरचना अनुसार सातवटा विषयगत क्षेत्र निर्धारण गरिएको छ । विषयगत क्षेत्रको जिम्मेवारी देहाय बमोजिम रहको छ ।

तालिका १२: विषयगत क्षेत्र र यसको नेतृत्व

| क्रसं | विषयगत क्षेत्र | नेतृत्व |
|---|---|---|
| १ | समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र | अध्यक्ष – गाउँ विपद् व्यवस्थापन समिति |
| २ | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र | संयोजक - सामाजिक विकास विषयगत समिति |
| ३ | आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषयगत क्षेत्र | संयोजक - वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति |
| ४ | खानेपानी सरसफाई तथा स्वस्छता प्रवर्द्धन विषयगत क्षेत्र | संयोजक - सामाजिक विकास विषयगत समिति |
| ५ | आपत्कालीन संरक्षण तथा शिक्षा विषयगत क्षेत्र | संयोजक - सामाजिक विकास विषयगत समिति |
| ६ | विपद् लेखाजोखा एवम् सूचना व्यवस्थापन विषयगत क्षेत्र | संयोजक - वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति |
| ७ | जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषयगत क्षेत्र | संयोजक - पूर्वाधार विकास विषयगत समिति |

### २.१०.१ समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र

गाउँपालिका क्षेत्रमा कुनै पनि विपद्को घटना वा स्वास्थ्य संकटको स्थिति हुनासा थ तत्काल प्रतिकार्यमा जुटेर मानवीय जीवन रक्षा तथा सम्प त्तिको सुरक्षा गरी जनजीवन सामान्य अवस्थामा ल्याउनु पर्ने हुन्छ । यसका लागि गाउँ विपद् व्यवस्थापन समितिको अध्यक्षको हैसियतले विपद् प्रतिकार्यको सम्पूर्ण नेतृत्व गाउँ प्रमुखले गर्नुपर्दछ । विपद्को परिस्थितिमा एकातिर अन्य विषयगत क्षेत्रका साथै गाउँपालिका मातहतका स्रोत साधन र सबै संयन्त्रहरू प्रतिकार्यका लागि परिचा लन गर्नुपर्दछ । विपद्को प्रभाव अनुसार बाह्य सहयोगको लागि गाउँपालिकाभित्र र बाहिर, जिल्ला, प्रदेश तथा केन्द्रीय निकायहरूसम्म समन्वय गर्नुपर्दछ । विपद् पूर्वतयारीका लागि सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय र सहकार्य गर्ने तथा विपद्को समयमा विपद् प्रभावित समुदायमा तुरून्त खोज उद्धार, प्राथमिक उपचार र राहत वितरणको लागि समन्वय गर्ने, विपद् प्रभावितहरूको पहिचान गरी परिचयपत्र उपलब्ध गराउने , मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) को प्रवन्ध मिलाउने र यसको ला गि समयमै आवश्यक पूर्व तयारी गर्नु समन्वय, खोज तथा उद्धार क्षेत्रको मुख्य काम हो । यस विषयगत क्षेत्रको नेतृत्व गाउँ प्रमुखले गर्दछन् । गाउँपालिकामा रहेका सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी निजी क्षेत्रका प्रतिनिधि र अन्य सबै विषय

Draft

क्षेत्रका संयोजनकहरू यसमा सदस्य रहन्छन् । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत यस विषयगत क्षेत्रको सदस्य सचिवको रूपमा रहन्छन् ।

## २.१०.२ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र

विपद्को समयमा खोज उद्धार कार्यसँगै घाइतेहरूको जीवन रक्षाको लागि प्राथमिक उपचार सेवा आवश्यक पर्दछ । त्यसपछि गम्भीर प्रकृतिका घाइतेहरूको लागि थप उपचारको प्रवन्ध गर्नु पर्दछ । प्रभावित समुदाय तथा आश्रयस्थलमा स्वास्थ्य सेवालाई निरन्तरता दिनु प र्ने हुन्छ । महामारीजन्य विपद् तथा स्वास्थ्य संकटको समयमा स्वास्थ्य क्षेत्रको प्रमुख भूमिका हुन्छ । विपद् प्रभावित समुदायका बालबालिका बृद्धबृद्धा गर्भवती तथा दुध खुवाउने आमाहरूको लागि थप पोषणयुक्त खानाको आवश्यकता पर्दछ । गाउँको स्वास्थ्य संरचना र क्षमताको परिचालन गरी प्राथमिक उपचार , स्वास्थ्य सेवा र पोषणको प्रवन्ध गर्नु यस विषयगत क्षेत्रको प्रमुख जिम्मेवारी हो । साथै यस विषयगत क्षेत्रले कोभिड-१९ लगायतका महाव्याधीको संक्रमण, स्वास्थ्य संकटको रोकथाम, नियन्त्रण र व्यवस्थापनको कार्य समेत गर्नेछ । यस विषयगत क्षेत्रको नेतृत्व गाउँपालिकाको सामाजिक विकास समितिको संयोजकले गर्दछन् भने गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव रहन्छन् । गाउँपालिकामा रहेका स्वास्थ्य संस्था तथा अस्पतालहरू र स्वास्थ्य तथा पोषणको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरु यस विषयगत क्षेत्रका सदस्यको रुपमा रहन्छन् ।

## २.१०.३ आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषयगत क्षेत्र

गाउँपालिका क्षेत्रमा कुनै पनि विपद्को घटना वा स्वास्थ्य संकटको स्थिति हुनासाथ त्यसबाट विस्थापित तथा प्रभावित भएकाहरुलाई बस्नको लागि आश्रयस्थल र आश्रयस्थलमा बसेका वा समुदायमै रहेका प्रभावितहरूलाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने , खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने ओढ्ने ओछ्याउने लगायतका गैर खाद्य सामग्री एवम् लगाउने कपडाको प्रवन्ध गर्ने । महामारीजन्य स्वास्थ्य संकटको समयमा क्वा रेन्टिन एवम् आइसोलेसन केन्द्रको व्यवस्थापन गर्ने , खोज उद्धार, राहत एवम् स्वास्थ्य सामग्रीहरूको खरिद तथा भण्डारण एवम् ढुवानीको व्यवस्था गर्ने , विपद् लेखाजोखा लगायतका कामको लागि आवश्यक बन्दोबस्ती मिलाउने यस विषय क्षेत्रको मुख्य जिम्मेवारी हो । यस विषयगत क्षेत्रको नेतृत्व वन वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजनकले गर्दछन् भने विपद् व्यवस्थापन सम्पर्क अधिकृत सदस्य सचिवको रुपमा रहन्छन् ।

## २.१०.४ खानेपानी, सरसफाई तथा स्वस्थता प्रर्द्धन विषयगत क्षेत्र

विपद् पश्चात प्रभावित समुदायमा खानेपानी तथा सरसफाईका पूर्वाधारहरूमा क्षति पुग्छ । विस्थापितहरूले आश्रय लिएको आश्रयस्थलमा खानेपानी र सरसफाइको उचित र पर्याप्त प्रवन्ध गर्नु पर्दछ । विपद्पछि सरसफई र स्वच्छताको उचित प्रवन्ध नभएमा विभिन्न महामारी फैलिन सक्छ । विपद् प्रभावितहरूको लागि स्वच्छ र पर्याप्त खानेपानी तथा सरसरफाइको प्रवन्ध गर्नु, विपद् प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थल वा क्वारेन्टिन र आइसोलेसन केन्द्रहरुमा खानेपानी एवम् सरसफाईको प्रवन्ध तथा स्वस्थता प्रवर्धन गर्नु, प्रभावितहरूको लागि मापदण्ड अनुसारको सरसफाई तथा स्वस्थता प्रवर्धनका सामग्रीहरूको सुनिश्चिता गर्नु, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्नु , मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्नु , व्यक्तिगत सरसफाईको लागि स्वच्छता सम्बन्धी सरसामानहरू (जस्तैः हाईजिन किट , पियुष, क्लोरिन,

डस्टविन, आदि ) उपलब्ध गरा उने, विपद्बाट क्षति भएका खानेपानी तथा सरसफाईका पूर्वाधारहरू पुनर्स्थापना गर्न सहयोग गर्नु यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । खानेपानी सरसफाई तथा स्वस्थता प्रवर्द्धनको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरू यस विषयगत क्षेत्रको सदस्य रहन्छन् ।

### २.१०.५ संरक्षण तथा आपत्कालीन शिक्षा विषयगत क्षेत्र

विपद्को घटनापछि परिवारहरू विस्थापित हुन्छन् । कतिपय बालबालिकाले अविभावक गुमाउँछन् । यस्तो अवस्थामा महिला र बा लबालिकामाथि हिंसा बढ्छ । सिमकोट गाउँपालिका मा धेरै विद्यालयहरू बाढी , आगलागी, चटयाङ् जस्ता प्रको पको जोखिममा छन् र विगतमा पनि प्रभावित हुँदै आइरहेका छन् । ठूलो भूकम्प आएको खण्डमा अधि कांश विद्यालयमा क्षति पुग्छ । कोभिड-१९ को महामारीको कारण लामो समयसम्म विद्यालयहरू बन्द भए। संरक्षण तथा शिक्षा विषयगत क्षेत्रले विपद्को समयमा किशोरी, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू जस्तैः सेनेटरी प्याड, खेलकुदका सामान आदि उपलब्ध गरा उने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नु पर्दछ । विद्यालयहरू क्षति भएमा वा भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने अवस्था नभएमा तत्काल शैक्षिक निरन्तरताको लागि वैकल्पिक व्यवस्था गर्ने र सामान्य अवस्थामा यसको लागि पूर्वतयारी तथा सुरक्षित विद्यालय कार्यढाँचालाई कार्यान्वयन गर्न सहयोग गर्ने , वैकल्पिक सिकाई निरन्तरताको लागि उपयुक्त ठाउँको पहिचान गरी आवश्यक सामग्रीहरूको तयारी गर्ने, सुरक्षित सिकाईको वातावरण तयार गरी शैक्षिक गतिविधिहरू लाई निरन्तरता दिने, संरक्षण तथा शिक्षा क्षेत्रको क्षति र आवश्यकताको लेखाजोखा गरी पुनर्स्थापन र पुनर्निर्माणमा सहयोग गर्ने र विद्यालय मार्फत स्वास्थ्य संकट एवम् विपद् सुरक्षा सम्बन्धी चेतना समुदायमा विस्तार गर्न सहयोग गर्ने यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । गाउँपालिकाको सामाजिक विकास समितिको संयोजकले यस विषयगत क्षेत्रको नेतृत्व गर्दछन् भने शिक्षा शाखा प्रमुख सदस्य सचिव रहन्छन् । गाउँपालिकामा रहेका संरक्षण तथा शिक्षा क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरू यस विषयगत क्षेत्रको सदस्य रहन्छन् ।

### २.१०.६ विपद् लेखाजोखा एवम् सूचना व्यवस्थापनविषयगत क्षेत्र

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना तर्जुमा गर्न विपद्सँग सम्बन्धित र अन्य सामाजिक आर्थिक तथ्याङ्कको आवश्यकता पर्दछ । अझ विपद् पश्चात खोज उद्धार राहत र प्रतिकार्यका कामहरू अघि बढाउन विपद्को सामान्य तथा विषयगत क्षतिको तथ्या ङ्क आवश्यक पर्दछ । यस विषय क्षेत्रले विपद्को क्षति तथा नोक्सानीको लेखाजो खा गर्ने यी सूचना हरूलाई व्यवस्थापन गर्ने र विषयगत क्षेत्रका विवरणहरू सम्बन्धित क्षेत्रलाई उपलब्ध गराई पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनमा सहयोग गर्दछ । वडा स्तरीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय र स्थानीय सुरक्षा निकायसँग समन्वय गरी प्रारम्भिक द्रुत लेखाजोखा गरी तत्काल विपद्को क्षतिको सूचना संकलन गर्ने संयन्त्र विकास गर्ने । क्षतिको प्रारम्भिक लेखाजोखा तथा क्षेत्रगत आवश्यकता लेखाजोखा गर्न गृह मन्त्रालयले तयार गरेको विपद् लेखाजोखा मार्गदर्शनको आधारमा आवश्यक फारम तयार ग र्ने र तालिम दिई जनशक्ति तयार गर्ने । क्षतिको लेखाजोखाको आधारमा प्रभावितहरूको वर्गीकरण गरी परिचयपत्र उपलब्ध गराउन स्थानीय विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने । विपद्का सूचनाहरू गाउँ आपत्कालीन कार्य सञ्चालन केन्द्रमा व्वस्थापन गर्ने र

निर्धारित प्रक्रिया बमोजिम जिल्ला, प्रदेश तथा केन्द्रीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा अदान प्रदान गर्ने यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । यस विषयगत क्षेत्रको नेतृत्व वन वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजनकले गर्नेछन भने स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र हेर्ने अधिकृत सदस्य सचिवको रुपमा रहनेछन् । नेपाल रेडक्रस सोसाइटी लगायत विपद् लेखाजोखा क्षेत्रमा अनुभव भएका र स्वयम् सेवक परिचानल गर्ने क्षमता भएका स्थानीय संस्थाहरू यसका सदस्यका रुपमा रहनेछन् ।

## २.१०.७ जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषयगत क्षेत्र

यस विषय गत क्षेत्रले विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक , विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्दछ । विपद् पश्चात विस्थापितहरूलाई तत्काल अस्थायी आश्रयस्थल व्यवस्थापन गर्न तथा आवास, खानेपानी, सरसफाई लगायतका अस्थायी पूर्वाधार तयार गर्न सहयोग गर्दछ । त्यसैगरी पुनर्स्थापनको चरणमा स्थायी संरचनाहरू पुनर्निर्माण नहुँदासम्मको लागि अस्थायी संरचना तथा पूर्वाधार तयार गर्ने काम गर्दछ । आपत्कालीन अवस्थामा पूर्वाधार क्षति भएर आवतजावत अवरूद्ध भएमा सेवा सुचारू गर्नका लागि तत्काल अस्थायी पूर्वाधार तयार गर्ने । प्रभावित समुदायसम्म राहत तथा प्रतिकार्यको पहुँच सहज बनाउन तत्काल अस्थायी पूर्वाधारहरूको विकास गर्ने । गाउँपालिकाले कुनै पनि पूर्वाधार निर्माण गर्दा मापदण्ड बमोजिम र विपद् सुरक्षित भएको सुनिश्चित गर्ने । आपत्कालीन प्रयोजनका लागि अस्थायी आश्रयस्थल, त्यसमा आवश्यक खानेपानी तथा सरसफाईका पूर्वाधारहरू तयार गर्ने । विपद्बाट क्षति भएका संरचना तथा पूर्वाधारहरूको पुनर्निर्माण गर्दा बहुप्रकोपको जोखिमबाट सुरक्षित स्तरीय मापदण्ड अनुसार भएको सुनिश्चित गर्ने । यस विषयगत क्षेत्रको काम विपद्को तत्कालको अवस्थादेखि पुनर्निर्माणको काम नसकिँदासम्म लामो समयसम्म पनि चल्न सक्छ र विपद् व्यवस्थापनका चारबटै चरणमा काम गर्नुपर्ने हुन्छ । यस विषयगत क्षेत्रको नेतृत्व पूर्वाधार विकास समितिको संयोजकले गर्नेछन् भने पूर्वाधार विकास शाखा प्रमुख यसको सदस्य सचिवको रूपमा रहनेछन् । माथि उल्लिखित विषयगत क्षेत्रको नेतृत्व र सदस्य संस्थाहरूको विवरण अनुसूची-२ मा राखिएको छ ।

Draft

# परिच्छेद तीन : पूर्वतयारी तथा प्रतिकार्य योजना

## ३.१ सामान्य पूर्वतयारी योजना

सिमकोट गाउँपालिका बहुप्रकोपको जोखिममा छ । विपद्को सम्भावना र त्यसबाट हुनसक्ने जनधनको क्षति कम गर्न र पर्याप्त पूर्वतयारी गरी विपद् एवम् स्वास्थ्य संकट प्रतिकार्य क्षमता सुदृढ गर्न गाउँ विपद् व्यवस्थापन समितिले पूर्वतयारीका विभिन्न गतिविधिहरू नियमित रूपमा गर्नुपर्ने हुन्छ । विपद् पूर्वतयारी र विपद् एवम् स्वास्थ्य संकट व्यवस्थापनलाई विकासका गतिविधिहरूमा जोडेर जोखिमका स्रोतहरूको न्यूनीकरण गर्दै प्रतिकार्यका लागि आधार तयार गर्न सामान्य पूर्वतयारीका रूपमा देहाय बमोजिमको कार्ययोजना तयार गरिएको छ ।

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका स्तरिय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी सञ्चालन गर्ने | तत्काल | गाउँपालिका | १ | गाउँ विपद् व्यवस्थापन समिति |
| ३ | स्थानीयआपत्कालीन कार्य सञ्चालन केन्द्रमा सञ्चार एवम् खोज उद्धार तथा प्राथमिक उपचार सामग्रीको प्रवन्ध गर्ने | तत्काल | गाउँपालिका | १ | गाउँ विपद् व्यवस्थापन समिति |
| ४ | गाउँपालिकाका सबै वडामा समुदायमा आधारित खोज उद्धार कार्यदल गठन गर्ने | तत्काल | वडा | प्रत्येक वडामा | वडा विपद् व्यवस्थापन समिति |
| ५ | प्रदेश र केन्द्रीय तहसँग समन्वय हुने गरी विपद् जोखिम न्यूनीकरण वेभ पोर्टल विकास गरि सञ्चालन गर्ने | तत्काल | गाउँपालिका | १ | गाउँ विपद् व्यवस्थापन समिति |
| ६ | विपद् पश्चातको आवश्यकताको लेखाजोखाको लागि प्रदेश तथा केन्द्रीय निकायसँगको समन्वयमा आधुनिक सूचना प्रविधिको उपयोग गरेर द्रुत आँकलन प्रणाली प्रक्रिया तयार गर्ने | तत्काल | गाउँपालिका | १ | गाउँ विपद् व्यवस्थापन समिति |
| ७ | आपत्कालीन अस्थायी आश्रयस्थलको लागि आवश्यकता अनुसार गाउँमा खुला क्षेत्र पहिचान गर्ने | तत्काल | गाउँपालिका | १ | गाउँ विपद् व्यवस्थापन समिति |
| ८ | आपत्कालीन प्रयोजनको लागि प्रत्येक वडामा कम्तीमा एक हेलिफ्याड निर्माणको लागि स्थान पहिचान गरी हेलिप्याड निर्माण गर्ने | नियमित | गाउँपालिका | ८ | गाउँ विपद् व्यवस्थापन समिति |

Draft

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | प्रत्येक सार्वजनिक, सरकारी र व्यावसायिक भवनमा आपत्कालीन निकासी मार्ग (Evacuation Route) र आपत्कालीन भेला हुने स्थान (Assembly Point) छुट्याई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने, गराउने | २०८० असार | सबै सम्बन्धित संस्थाहरु | | सम्बन्धित कार्यालय |
| १० | वडामा भएका सामुदायिक भवनहरूमा आपत्कालीन अस्थायी आश्रयस्थल तथा क्वारेन्टिन सञ्चालनको लागि सडक खानेपानी सरसफाइ लगायतका पूर्वाधार तयार गर्ने | २०८० असोज | पहिचान गरिएका स्थानहरू | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा |
| ११ | प्रत्येक वडामा आपत्कालीन आश्रयस्थल तथा क्वारेन्टिन / आइसोलेसन सेन्टर मा प्रयोग गर्न सकिने सुरक्षित सामुदायिक भवनको पहिचान / निर्माण गर्ने | नियमित | वडा | प्रत्येक वडामा कम्तिमा एउटा | पूर्वाधार विकास शाखा वडा कार्यालय |
| १२ | विपद्बाट हुने मानवीय क्षति बाली पशु, घर तथा सम्पतिको लागि कार्यविधि बनाई बीमा गर्न प्रोत्साहन गर्ने | २०८० आसाढ | गाउँपालिका क्षेत्र | | गाउँ विपद् व्यवस्थापन समिति |
| १३ | विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरु, स्थानीय गैर सरकारी संस्थाहरु, स्थायी प्रकृतिका उपभोक्ता समितिहरु र नागरिक संस्थाहरुबीच सहकार्यको लागि संयन्त्र तयार गर्ने | २०७९ पुस | गाउँपालिका क्षेत्र | | गाउँ / वडा विपद् व्यवस्थापन समिति |
| १४ | गाउँपालिका क्षेत्रका प्रमुख प्रकोपहरु (भूकम्प, , आगलागी र पहिरो, महामारी नियन्त्रण) को लागि परिदृष्यमा आधारित कृतिम घटना अभ्यास नियमित सञ्चालन गर्ने | नियमित | गाउँपालिका क्षेत्र | वार्षिक | गाउँ विपद् व्यवस्थापन समिति |
| १५ | गाउँपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना वार्षिक रूपमा अद्यावधिक गर्ने | नियमित | गाउँपालिका | वार्षिक | गाउँ विपद् व्यवस्थापन समिति |
| १६ | सबै विषयगत क्षेत्रको कार्यतालिका बनाएर नियमित बैठक बस्ने | नियमित | गाउँपालिका | तीन तीन महिनामा | सबै विषयगत क्षेत्र |

## ३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

यस गाउँपालिकामा पर्न सक्ने विपद् त्यसको पूर्वानुमानित आँकलनका आधारमा देहाय बमोजिम सात वटा विषयगत क्षेत्रको पूर्वतयारीका कार्यहरु निर्धारण गरिएको छ । उक्त क्रियाकलापहरू कार्यान्वयनको जिम्मेवारी सम्बन्धित विषयगत क्षेत्रको हुनेछ भने आवश्यकता अनुसार अन्य निकाय वा क्षेत्रसँग समन्वय गरी काम गर्नेछन् ।

Draft

### ३.२.१ समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र

| क्र.सं. | पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | वडा तहमा गठन भएका खोज उद्धार टोलीलाई तालिम दिएर प्रथम सामुदायिक उद्धारक (First Community Responders) तयार गर्ने | २०७९ माघ | वडा | ८ | सुरक्षा निकाय, नेपाल रेडक्रस |
| २ | खोज उद्धारका लागि आवश्यक उपकरण सामग्रीहरुको आवश्यकता आँकलन गरी खरिद गर्ने | २०७९ माघ | गाउँपालिका | १ | सुरक्षा निकाय, नेपाल रेडक्रस |
| ३ | खोज उद्धार टोली परिचालनको लागि न्यूनतम् खोज उद्धार सामग्री खरिद गरी तयारी अवस्थामा राखे | २०७९ फागुन | वडा | ८ | सुरक्षा निकाय, वडा कार्यालय |
| ४ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने | नियमित | गाउँपालिका | १ | सम्बन्धित संस्था |
| ५ | आपत्कालीन अवस्थामा खोज उद्धार तथा राहत व्यवस्थापनको लागि हेलिकप्टरको आवश्यकता परेमा जिल्ला र प्रदेशसँग समन्वय गरी हेलिकप्टरको प्रवन्ध गर्ने | तत्काल | गाउँपालिका | | प्रदेश सरकार नेपाली सेना |
| ६ | सबै विषयगत क्षेत्रका सदस्यहरू तथा सरोकारवाला निकाय र संस्थाहरूको सम्पर्क ठेगाना अद्यावधिक राखे | नियमित | गाउँपालिका | १ | सबै विषयगत क्षेत्र |

### ३.२.२ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयात क्षेत्र

| क्र.सं. | पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | गाउँपालिकाका सबै वडामा स्थानीय स्वास्थ्य संस्थाको समन्वयमा द्रुत प्रतिकार्य टोली (RRT) गठन गर्ने | तत्काल | वडा | हरेक वडामा एक | वडा विपद् व्यवस्थापन समिति |
| २ | गाउँका सबै स्वास्थ्य संस्थाहरूमा आपत्कालीन प्रयोजनको लागि औषधिको 'बफर स्टक' व्यवस्थापन गर्ने र औषधि उपलब्ध भएको सुनिश्चित गर्ने | नियमित | वडा | स्वास्थ्य संस्था अनुसार | सम्बन्धित स्वास्थ्य संस्था |

Draft

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | वडा तहमा प्राथमिक उपचार कार्यदल गठन गर्ने | तत्काल | वडा | हरेक वडामा एक | वडा विपद् व्यवस्थापन समिति |
| ४ | स्वास्थ्यकर्मी, महिला स्वयं सेविका र वडा स्तरीय कार्यदलका सदस्यहरुको लागि प्राथमिक उपचार तालिम सञ्चालन गर्ने | नियमित | वडा | ८ | नेपाल रेडक्रस सोसाइटी |
| ५ | समुदायमा जनस्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | | गाउँपालिका | | |
| ६ | विपद्को समयमा गर्भवती तथा सुत्केरी महिला र बालबालिकाहरुमा पोषण आवश्यकता पूर्तिका लागि पुरक खाना आवश्यकताको आँकलन गर्ने | | गाउँपालिका | | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| ७ | आपत्कालीन अवस्थामा घाइतेहरूको थप उपचारको लागि रिफरल प्रकृया तय गर्ने | | गाउँपालिका | १ | गाउँ विपद् व्यवस्थापन समिति |

### ३.२.३ आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषयगत क्षेत्र

| क्र.सं. | पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | अस्थायी आश्रय स्थल, खाद्य तथा गैर खाद्य सामग्री र राहत व्यवस्थापन विषयगत क्षेत्रका सदस्य संस्थाहरूको सम्पर्क ठेगाना अद्यावधिक राख्ने | नियमित | गाउँपालिका | १ | सम्बन्धित संस्था |
| २ | गाउँमा भएका हेभी इक्वीपमेन्ट, ढुवानीका साधनहरु तथा सवारी साधनहरुको लगत तयार गरी आपत्कालीन अवस्थामा प्रयोग गर्न निजी क्षेत्रसँग सम्झौता गर्ने | २०७९ माघ | गाउँपालिका | १ | सम्बन्धित संस्था |
| ३ | गाउँपालिकामा कम्तिमा प्रत्येक वडामा २०० परिवारको लागि आवश्यक पर्ने गैर खाद्य सामग्री सेटको स्टक राख्ने | २०७९ माघ | वडा | ८ | नेपाल रेडक्रस |
| ४ | प्रत्येक वडामा कम्तिमा ५० परिवारका लागि अस्थायी आश्रयको लागि बहुप्रकोपबाट सुरक्षित स्थान पहिचान गरी राख्ने | २०७९ माघ | वडा | ८ | वडा कार्यालय |
| ५ | गाउँपालिकामा कम्तिमा २०० परिवार तथा १००० जनसंख्याको लागि आवश्यक पर्ने गैर खाद्य सामग्री भण्डारणको क्षमता भएको गोदामघरको व्यवस्था गर्ने | २०७९ माघ | गाउँपालिका | १ | |
| ६ | पहिचान गरिएको स्थानमा अस्थायी आश्रयस्थलका लागि आवश्यक पूर्वाधार, खानेपानी, सरसफाइको प्रवन्ध तथा तत्काल टहरा बनाउन सक्ने व्यवस्था गर्ने | २०७९ माघ | गाउँपालिका | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा |

Draft

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | पहिचान गरिएका वा तयार गरिएका अस्थायी आश्रयस्थलका संरचना र सुविधाहरू महामारीको समयमा क्वारेन्टिन एवं आइसोलेसन केन्द्रको रुपमा प्रयोग गर्न सक्ने र स्वास्थ्य सेवा सञ्चालन गर्न मिल्ने गरी विकास गर्ने | २०७९ माघ | गाउँपालिका | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा |

## ३.२.५ संरक्षण तथा शिक्षा विषय क्षेत्र

| क्र.सं. | पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | सबै विषयगत क्षेत्रलाई महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरू बारे जानकारी दिने | निरन्तर | गाउँपालिका | सबै विषयगत क्षेत्र | महिला तथा बालबालिका शाखा |
| २ | विपद्को समयमा संरक्षण एवम् सुरक्षाका लागि चाहिने सामग्रीहरू खरिद गरी भण्डारण गर्ने | निरन्तर | गाउँपालिका | अनुमानित आँकलन अनुसार | महिला तथा बालबालिका शाखा |
| ३ | विद्यालयका शिक्षक र महिला स्वास्थ्य स्वयंसेविकालाई आधारभूत मनोसामाजिक परामर्श सम्बन्धी तालीम दिने | निरन्तर | गाउँपालिका | सबै वडा र सबै विद्यालयहरू | नेपाल रेडक्रस सोसाइटी |
| ४ | सबै विद्यालयमा विद्यालय सुरक्षा कार्यन्वयन कार्यविधि बमोजिम सुरक्षित विद्यालयका न्यूनतम् गतिविधि सञ्चालन गर्न सहजीकरण गर्ने | | विद्यालय | सबै विद्यालय | |
| ५ | विद्यालयहरूको संकटासन्नता तथा क्षमता लेखाजोखाको लागि सहयोग गर्ने | | विद्यालय | सबै विद्यालय | |
| ६ | विद्यालयहरूलाई सिकाई निरन्तरता र पूर्वतयारी सहितको विद्यालय सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्न सहयोग गर्ने | | विद्यालय | सबै विद्यालय | |
| ७ | विद्यालय व्यवस्थापन समिति तथा प्रअहरुलाई विद्यालय सुरक्षा सम्बन्धी तालिम दिने | | विद्यालय | | |
| ८ | कृतिम घटना तथा सिमुलेसन अभ्यास सञ्चालन गर्न गाउँपालिका र विद्यालयहरूसँग समन्वय गर्ने | | विद्यालय | | |
| ९ | बैकल्पिक सिकाई सञ्चालनका लागि कार्यविधि र सामग्री तयारी अवस्थामा राख्ने | | गाउँपालिका | | |
| १० | सबै विद्यालयहरूमा अस्थायी सिकाई केन्द्र सञ्चालनका लागि आवश्यक सामग्रीहरू तयारी अवस्थामा राख्ने प्रवन्ध गर्ने | | विद्यालय | | |

Draft

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | संरक्षण तथा शिक्षा विषयगत क्षेत्रका सदस्यहरूको सम्पर्क अद्यावधिक गर्ने | २०८० असार | | | |
| १२ | अस्थायी आश्रयस्थल तथा अस्थायी सिकाई केन्द्र तथा अन्य अस्थायी एवं स्थायी संरचनाहरु वृद्धवृद्धा बालबालिका अपांगता तथा लैंगिकमैत्री भएको सुनिश्चित गर्ने | निरन्तर | | | महिला तथा बालबालिका शाखा |

## ३.२.६ विपद् लेखाजोखा एवम् सूचना व्यवस्थापन विषयत क्षेत्र

| क्र.सं. | पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | गाउँ आपत्कालीन कार्य सञ्चालन केन्द्र मार्फत विपद् सम्बन्धी सूचना सङ्कलन, व्यवस्थापन र प्रसारणको व्यवस्था मिलाउने | निरन्तर | गाउँपालिका | १ | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| २ | वडा तहमा विपद् लेखाजोखा टोली तयार गर्ने | २०७९ माघ | वडा | सबै | नेपाल रेडक्रस |
| ३ | विपद् लेखाजोखा टोलीका सदस्यहरूलाई विपद् लेखाजोखा सम्बन्धी तालिम दिने | | | | नेपाल रेडक्रस |
| ४ | समुदाय स्तरमा विपद्को समयमा सूचना प्रवाह गर्न SMS मार्फत सूचना प्रसार गर्ने समूहगत प्रणालीको विकास गर्ने | २०७९ माघ | गाउँपालिका | | मोवाइल सेवा प्रदायक |
| ५ | स्थानीय रेडियो एफ एम तथा अन्य सामाजिक मिडियाबाट जनचेतना मूलक सन्देशहरू प्रवाह गर्ने | निरन्तर | गाउँपालिका | | पत्रकार महासंघ |
| ६ | गाउँपालिकाको विपद् सम्बन्धि सम्पूर्ण सूचना तथा गतिविधिहरू नियमित अद्यावधिक गर्ने | निरन्तर | गाउँपालिका | | |
| ७ | विपद् सूचना प्रवाह प्रकृया तय गरी वस्तीमा भएका घटनाको तत्काल स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा अद्यावधिक हुने प्रवन्ध मिलाउने | निरन्तर | गाउँपालिका | | |
| ८ | वर्षाको पूर्वानुमान तथा त्यसबाट हुनसक्ने विपद्को पूर्व सूचना एवं चेतावनी प्रभावित हुनसक्ने समुदायसम्म तत्काल पुग्ने प्रवन्ध गर्ने | निरन्तर | गाउँपालिका | | |

Draft

## ३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना

आपत्कालीन प्रतिकार्य योजनामा विपद्को समय र विपद् पश्चात् तुरुन्तै चाल्नुपर्ने खोज, उद्धार, उपचार एवम् जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण, राहत वितरणका र विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन र संप्रेषणका क्रियाकलाप हरू सहित प्रत्येक विषयगत क्षेत्र परिचालनको समय तालिका सहितको कार्यविधि समावेश गरिएको छ । यसका लागि देहाय बमोजिमका क्रियाकलापहरू तर्जुमा गरिएको छः

३.३.१ समग्र व्यवस्थापन, खोज तथा उद्धार विषय क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | गाउँ विपद् व्यवस्थापन समिति आकस्मिक बैठक बसी हरेक विषयगत क्षेत्रलाई तयारी अवस्थामा रहन निर्देशन दिने | गाउँ विपद् व्यवस्थापन समिति |
| | २ | समन्वय खोज तथा उद्धार विषयगत क्षेत्रको आकस्मिक बैठक बस्ने | गाउँ विपद् व्यवस्थापन समिति |
| | ४ | खोज उद्धार र सुरक्षाको लागि उद्धारकर्मी, सुरक्षाकर्मी परिचालन गर्ने | सुरक्षा निकाय |
| | ५ | खोज तथा उद्धारका लागि आवश्यक सामग्री र यातायातको बन्दोबस्त गर्ने | बन्दोबस्ती विषय क्षेत्र |
| | ६ | घाइतेहरूको शिघ्र उद्धार गर्ने र वेपत्ताहरूको खोजी कार्यलाई तीब्रता दिने | सुरक्षा निकाय |
| | ७ | सम्भावित जोखिम क्षेत्रका समुदायको सुरक्षित स्थानान्तरण गर्ने | सुरक्षा निकाय, वडा समिति |
| | ८ | घाइतेहरूको तत्काल प्राथमिक उपचारका लागि आवश्यक समन्वय गर्ने | स्वास्थ्य विषयगत क्षेत्र |
| | ९ | मृतकहरूको पहिचान गरी मुचुल्का गरेर शव आफन्त जिम्मा लगाउने | वडा समिति |
| २४ घण्टा देखि ७ दिन | १० | खोज उद्धार कार्यलाई आवश्यकता अनुसार निरन्तरता दिने | सुरक्षा निकाय |
| | ११ | २४ घण्टाको कामको समीक्षा गरी थप खोज उद्धार कार्य अघि बढाउने | सुरक्षा निकाय |
| | १२ | प्रभावितहरूको व्यक्तिगत सम्पत्ति तथा सार्वजनिक सम्पत्तिको सुरक्षाको लागि सुरक्षाकर्मी परिचालन गर्ने | सुरक्षा निकाय |
| | १३ | आवश्यकता अनुसार शव व्यवस्थापन कार्यलाई निरन्तरता दिने | सुरक्षा निकाय |
| | १४ | बहु क्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा गर्नको लागि सबै विषयगत क्षेत्रलाई समन्वय तथा परिचालन गर्ने | सुरक्षा निकाय |

Draft

| | | | |
|---|---|---|---|
| | १५ | विपद्को घटनाको प्रकृति हेरी आवश्यकता अनुसार जिल्ला प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गर्ने | |
| ७ दिनदेखि १ महिना | १६ | आवश्यकता अनुसार खोज उद्धार कार्यलाई निरन्तरता दिने | सुरक्षा निकाय |
| | १७ | विपदमा हराएका वा नष्ट भएका अत्यावश्यक दस्तावेजहरुको लगत सङ्कलन गर्ने | सुरक्षा निकाय<br>वडा समिति |
| | १८ | हराएका वा नष्ट भएका कागजातहरुको पुनर्निमार्ण तत्काल गर्ने | वडा कार्यालय |
| | १९ | विषयगत क्षेत्रको विस्तृत लेखाजोखाको आधारमा विपद्वाट भएको क्षतिको लागि पुनर्स्थापना योजना तयार गर्न समन्वय गर्ने | सबै विषयगत क्षेत्र |
| | २० | विपद् पश्चातको आवश्यकता लेखाजोखाको आधारमा गाउँपालिकाको पुनर्निमाण योजना तयार गर्न समन्वय गर्ने | सबै विषयगत क्षेत्र |

## ३.३.२ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषय क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | गाउँ विपद् व्यवस्थापन समिति |
| | २ | घाइतेको खोज उद्धारसँगै प्राथमिक उपचारका लागि प्राथमिक उपचार टोली परिचालन गर्ने | खोज उद्धार कार्यदल |
| | ३ | विपद् प्रभावित क्षेत्रमा प्राथमिक उपचार डेस्क स्थापना गरी सेवा सञ्चालन गर्ने | बन्दोबस्ती विषय क्षेत्र |
| | ४ | गम्भीर अवस्थाका घाइतेहरूलाई थप उपचारको लागि रिफर गर्ने | गाउँ विपद् व्यवस्थापन समिति |
| | ५ | दीर्घ रोगीहरू पहिचान गरी उनीहरूको लागि औषधि तथा उपचार सेवा उपलब्ध गराउने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| २४ घण्टा देखि ७ दिन | ६ | मापदण्ड अनुसार शुद्ध पिउने पानी र प्रभावितहरूको अवस्था अनुसार पोषणयुक्त खानाको सुनिश्चतता गर्ने | खाद्य विषयगत क्षेत्र |
| | ७ | विपद् प्रभावित क्षेत्र तथा अस्थायी आश्रयस्थलमा नियमित औषधि उपचारका साथसाथै गर्भवती जाँच, सुत्केरी र परिवार नियोजन सेवालाई निरन्तरता दिने | बन्दोबस्ती विषय क्षेत्र |

Draft

| | | | |
|---|---|---|---|
| | ८ | मनोसामाजिक परामर्श सेवा सञ्चालनलाई आवश्यकता अनुसार निरन्तरता दिने | संरक्षण विषय क्षेत्र |
| | ९ | अस्थायी आश्रयस्थल तथा प्रभावित समुदायमा महामारीजन्य विपद् फैलिन नदिन थोकथामका उपायहरू अपनाउने | खानेपानी तथा सरसफाई विषयगत क्षेत्र |
| | १० | स्वास्थ्य तथा पोषण क्षेत्रको विषयगत आवश्यकता लेखाजोखा गरी पुनर्स्थापन योजना तयार गर्ने | विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन क्षेत्र |
| ७ दिन देखि १ महिना | ११ | आवश्यकता अनुसार स्वास्थ्य उपचार र सेवा प्रवाहलाई निरन्तरता दिने | स्वास्थ्य संस्थाहरू |
| | १२ | थप महामारी फैलिन नदिन रोकथामका उपायहरू निरन्तर गर्ने | खानेपानी तथा सरसफाई विषयगत क्षेत्र |
| | १३ | स्वास्थ्य क्षेत्रको विपद् पछिको आवश्यकताको लेखाजोखा गरी पुनर्निमाण योजना तयार गर्ने | पुनर्निर्माण विषयगत क्षेत्र |

## ३.३.३ आपत्कालीन आश्रयस्थल खाद्य तथा गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषय क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | अस्थायी आश्रय स्थल, खाद्य तथा गैर खाद्य सामग्री र राहत व्यवस्थापन विषयगत क्षेत्रको आकस्मिक बैठक बोलाउने र अवस्था विश्लेषण गर्ने, प्रभावित हुनसक्ने जनसंख्यको आँकलन गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | २ | विस्थापितहरूको लागि तत्काल अस्थायी बसोबासको प्रवन्ध गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ३ | प्रारम्भिक द्रुत लेखाजोखाको लागि आवश्यक बन्दोबस्त गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ४ | उद्धारकर्मी, स्वास्थ्यकर्मी तथा घाइतेहरुको ओसार पसार र राहत सामग्रीको ओसार पसार गर्नको लागि यातायातका साधनहरुको प्रवन्ध गर्ने | खोज उद्धार विषयगत क्षेत्र |
| | ५ | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारको लागि तत्काल खान मिल्ने खाद्य सामग्री उपलब्ध गराउने | |
| | ६ | विपद् प्रभावितहरूलाई गर्मीको समयमा झुल र जाडोको समयमा न्यानो कपडाको प्रवन्ध गर्ने | |

Draft

| | | | |
|---|---|---|---|
| २४ घण्टा देखि ७ दिन | ७ | प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Need Assessment-IRNA) आधारमा आगामी एक महिनाको लागि खाद्य तथा गैर खाद्य आवश्यकताको आँकलन गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ८ | प्रभावितहरूको लागि अस्थायी आश्रय स्थलमा बसोबासको प्रवन्ध गर्ने कार्यलाई निरन्तरता दिने | |
| | ९ | आश्रय स्थलमा शौचालय, खानेपानी, सरसफाई तथा औषधि उपचारको लागि अन्य विषयगत क्षेत्रसँग समन्वय गर्ने | खानेपानी सरसफाई र स्वास्थ्य विषयगत क्षेत्र |
| | १० | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारको लागि खाद्य सामग्री, खाना पकाउने भाँडाकुँडा र ओढ्ने ओछ्याउने सामग्री उपलब्ध गराउने | |
| | ११ | अपांगता भएका व्यक्ति एकल महिला र पुरुषका लागि उपयुक्त आश्रय स्थलको प्रवन्ध गर्ने | संरक्षण विषयगत क्षेत्र |
| | १२ | विपद्को कारण आघातमा रहेका व्यक्तिहरूलाई आश्रयस्थलमा नै मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने प्रवन्ध गर्ने | संरक्षण विषयगत क्षेत्र |
| | १३ | अस्थायी आश्रयस्थलमा बालबालिकालाई खेल्ने ठाउँको प्रवन्ध गर्ने | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |
| ७ दिन देखि १ महिना | १४ | आवश्यकता अनुसार विस्थापितहरुलाई घर फर्किने वातावरण तयार गरी घर फर्काउने | |
| | १५ | भौतिक संरचना पुनर्निर्माणका लागि आवश्यक काठ सहुलियत दरमा उपलब्ध गराउन सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय गर्ने | सामुदायिक वन उपभोक्ता समिति |
| | १६ | अस्थायी आश्रयस्थलमा रहेका बालबालिकाको सिकाई निरन्तरताको लागि गाउँपालिकाको शिक्षा शाखा र शिक्षा विषयगत क्षेत्रसँग समन्वय गर्ने | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |
| | १७ | विपद् पश्चातको आवश्यकता लेखाजोखाको लागि आवश्यक बन्दोबस्त मिलाउने | विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन विषयगत क्षेत्र |

### ३.३.४ खानेपानी, सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषयगत क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | खानेपानी सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | गाउँ विपद् व्यवस्थापन समिति |

Draft

| | | | |
|---|---|---|---|
| | २ | प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थलमा सुरक्षित शुद्ध पिउने पानी तथा सरसफाईको लागि मापदण्ड अनुसारको आवश्यक पानी उपलब्ध गराउने प्रवन्ध गर्ने | अस्थायी आश्रय स्थल तथा राहत व्यवस्थापन क्षेत्र |
| २४ घण्टा देखि ७ दिन | ३ | खानेपानी तथा सरसफाई आवश्यकताको आँकलन गर्ने | विपद् लेखाजोखा क्षेत्र |
| | ४ | आस्थायी आश्रय स्थलमा सरसफाईका अस्थायी संरचनाहरू तयार गर्ने | अस्थायी आश्रय स्थल तथा राहत व्यवस्थापन क्षेत्र |
| | ५ | प्रभावित समुदायमा सामान्य क्षति भएका खानेपानी तथा सरसफाईका संरचनाहरू तत्काल मर्मत गर्ने | पुनर्स्थापन तथा पुनर्निर्माण विषयगत क्षेत्र |
| | ६ | खानेपानी शुद्धीकरणका विधिहरू समुदायलाई जानकारी गराउने | |
| | ७ | अस्थायी आश्रयस्थलको फोहोर मैला व्यवस्थापनको प्रवन्ध गर्ने | |
| | ८ | अस्थायी आश्रयस्थलमा नियमित स्वास्थ्य, खानेपानी तथा सरसफाई शिक्षा प्रवर्द्धन गर्ने | |
| | ९ | खानेपानी तथा सरसफाई क्षेत्रको पुनर्स्थापन योजना तयार गर्ने | |
| | १० | अस्थायी आश्रय स्थलमा मापदण्ड अनुसारको खानेपानी र सरसफाइको प्रवन्ध नियमित गर्ने | |
| ७ दिन देखि १ महिना | ११ | आवश्यकता अनुसार अस्थायी आश्रय स्थलमा खानेपानी र सरसफाईको प्रवन्ध नियमित गर्ने | |
| | १२ | खानेपानी तथा सरसफाई क्षेत्रको क्षेत्रगत आवश्यकताको लेखाजोखा गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | १३ | अस्थायी सिकाई केन्द्रहरूमा खानेपानी र सरसफाईको प्रवन्ध गर्ने | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |
| | १४ | विपद् पछिको क्षेत्रगत आवश्यकताका आधारमा खानेपानी तथा सरसफाई क्षेत्रको पुनर्निर्माण योजना तयार गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |

### ३.३.५ संरक्षण तथा शिक्षा विषय क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | संरक्षण तथा शिक्षा विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |

Draft

| | | | |
|---|---|---|---|
| | २ | अवस्था अनुसार आपत्कालीन प्रतिकार्यको लागि विद्यालय बन्द गर्नु पर्ने भएमा बन्द गर्न गाउँ विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ३ | विद्यालयको क्षति तथा शिक्षक विद्यार्थीको अवस्थाको आँकलन गरी खोज उद्धारमा सहयोग गर्ने | |
| | ४ | आवश्यकता अनुसार प्रभावितहरूलाई मनोसाजिक परामर्श सेवा उपलब्ध गराउने | |
| २४ घण्टा देखि ७ दिन | ५ | शिक्षा क्षेत्रमा भएको क्षतिको प्रारम्भिक विवरण संकलन गरी आवश्यकता आँकलन गर्ने | |
| | ६ | विपद्का कारण हराएका वा छुट्टिएका बालबालिकाहरुलाई अभिभावकसँग पुनर्मिलन गराउने | |
| | ७ | प्रभावित महिला बालबालिका अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकलाई संरक्षण दिने | |
| | ८ | आवश्यकता अनुसार मनोसामाजिक परामर्श कार्यशाला सञ्चालन गर्ने | |
| | ९ | नेपाल प्रहरी र स्थानीय सामाजिक संस्थाहरूवीच संयन्त्र तयार गरी बाहिरबाट आउने व्यक्तिहरूमाथि निगरानी राख्ने | |
| | १० | विपद् प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थलमा सामाजिक र लैंगिक विभेद नभएको सुनिश्चित गर्ने | |
| | ११ | मानव बेचबिखन, ओसारपसार र अपहरण जोखिम न्यूनीकरणका लागि गाउँपालिकाको सिमा नाकाहरूमा नागरिक सुरक्षा चेक पोष्ट स्थापना गर्ने | |
| | १२ | शिक्षा क्षेत्रमा भएको क्षतिको प्रारम्भिक विवरण संकलन गरी आवश्यकता आँकलन गर्ने | |
| | १३ | सिकाई निरन्तरताको कार्ययोजना क्रियाशील गर्ने | |
| | १४ | तत्काल विद्यालय सञ्चालन हुन नसक्ने अवस्थामा अस्थायी सिकाई केन्द्र स्थापना गरी सिकाई सुचारु गर्ने | |
| | १५ | अस्थायी सिकाई केन्द्र पनि सञ्चालन हुन नसक्ने अवस्थामा वैकल्पिक विधिबाट सिकाई सुचारू गर्ने | |
| | १६ | शिक्षकहरूका लागि आपत्कालीन शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यशाला सञ्चालन गर्ने | |
| | १७ | अस्थाई सिकाई केन्द्रहरूमा छात्रा विद्यार्थीहरूमाथि हुन सक्ने हिंसा रोक्नका लागि सुरक्षा संयन्त्र निर्माण गर्ने | |
| ७ दिन | १८ | बालबालिकाहरूलाई विद्यालय फर्कने वातावरण बनाउन अभिभावकहरूसँग समुदायमा छलफल गर्ने | |

Draft

| | | | |
|---|---|---|---|
| देखि १ महिना | १९ | विपद् प्रभावित विद्यार्थीहरूको लागि अवस्था र आवश्यकता अनुसार विद्यालय पोशाक, पाठ्यपुस्तक र स्टेसनरी सामग्रीहरू उपलब्ध गराउने | |
| | २० | विपद् प्रभावित समुदाय वा अस्थायी आश्रयस्थलमा महिला तथा किशोरीमाथि हुने हिंसाका गतिविधिलाई निगरानी राख्ने र विशेष संरक्षणको व्यवस्था मिलाउने | |
| | २१ | विद्यालय आउने जाने बाटोहरू भत्किएको बिग्रिएको भए मर्मत गराउने | |
| | २२ | बालबालिकाका लागि मनोरन्जनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने | |
| | २३ | गम्भीर प्रकृतिको अवस्था बाहेक सामान्यत विपद्को घटना भएको १० दिन सम्ममा सिकाई सुचारू गर्ने प्रवन्ध गर्ने | |
| | | विपद् पछिको आवश्यकता लेखाजोखा गरी संरक्षण तथा शिक्षा क्षेत्रको पुनर्निर्माण योजना तयार गर्ने | |

## ३.३.६ जीविकोपार्जन तथा शीघ्र पुनर्लाभविषय क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | जीविकोपार्जन, पुनर्स्थापना तथा पुनर्निर्माण विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको वारे छलफल गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | २ | विपद्वाट क्षति भएका सडक संचार तथा विद्युत पूर्वाधार सूचारू गर्न पहल गर्ने | राहत व्यवस्थापन क्षेत्र |
| २४ घण्टा देखि ७ दिन | ३ | पुनर्स्थापनाका लागि आवश्यक पूर्वाधारहरूको आवश्यकता लेखाजोखा गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ४ | अस्थायी आश्रयस्थलमा आधारभूत अस्थायी पूर्वाधार निर्माण गर्ने | आश्रयस्थल तथा राहत व्यवस्थापन विषयगत क्षेत्र |
| | ५ | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) को आधारमा तत्कालको लागि प्राथमिकता तय गर्ने। | |
| | ६ | आफ्नो घर फर्कन चाहने विस्थापितहरूलाई समुदायमा पुनर्स्थापित गर्ने प्रकृया तय गरि पुनर्स्थापित गर्ने | वडा समिति |
| ७ दिन देखि १ | ७ | क्षेत्रगत विस्तृत लेखाजोखाको आधारमा क्षेत्रगत पुनर्स्थापन योजना तयार गर्ने | |
| | ८ | सामान्य क्षति भएका पूर्वाधार तथा संरचनाहरूको मर्मत सम्भार गरी सेवा सुचारू गर्ने | |



Draft

| | | | |
|---|---|---|---|
| महिना | ९ | विपद् पछिको आवश्यकताको लेखाजोखाको आधारमा गाउँ पालिकाको पुनर्निमाण योजना तयार गर्ने | |
| | १० | पुनर्निमाण नसकिएसम्म पुनर्निमाणको कामलाई निरन्तरता दिने | |

## ३.३.७ विपद् लेखाजोखा एवम् सूचना व्यवस्थापन विषय क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | आपत्कालीन लेखाजोखा तथा सूचना व्यवस्थापन विषयगत क्षेत्रको आकस्मिक बैठक बस्ने | गाउँ विपद् व्यवस्थापन समिति |
| | २ | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) तुरुन्त सञ्चालन गरी खोज उद्धार उपचार र राहत व्यवस्थापनमा सहयोग गर्ने | गाउँ विपद् व्यवस्थापन समिति |
| | ३ | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) को सूचना सबै विषय क्षेत्रलाई उपलब्ध गराउने | सबै विषयगत क्षेत्र |
| | ४ | विपद्को प्ररम्भिक विवरण गाउँ आपत्कालीन कार्यसञ्चालन केन्द्रमा अद्यावधिक गर्ने | |
| २४ घण्टा देखि ७ दिन | ५ | विपद्को क्षतिको विवरण नियमित अद्यावधिक गर्ने | |
| | ६ | क्षेत्रगत प्रारम्भिक लेखाजोखाका लागि जनशक्ति परिचालन गर्ने | |
| | ७ | क्षेत्रगत लेखाजोखा विवरण उपलब्ध गराइ सबै विषयगत क्षेत्रलाई पुनस्थापन योजना बनाउन सहयोग गर्ने | |
| | ८ | विपद् प्रभावित क्षेत्रको बजारको लेखाजोखा (आवश्यक सामग्रीको उपलब्धता र प्रतिश्पर्धात्मक मूल्यको अवस्था) गर्ने | |
| ७ दिन देखि १ महिना | ९ | विपद्को क्षतिको विवरण नियमित अद्यावधिक गर्ने | |
| | १० | विपद् पछिको आवश्यकताको लेखाजोखा गर्न विषयगत क्षेत्रलाई सहयोग गर्ने | सबै विषयगत क्षेत्र |
| | ११ | क्षेत्रगत पुनर्निर्माण योजना तयार गर्न विषयगत क्षेत्रलाई सहयोग गर्ने | सबै विषयगत क्षेत्र |

Draft

# परिच्छेद चार : स्वास्थ्य संकट पूर्वतयारी तथा प्रतिकार्य योजना

सिमकोट गाउँपालिकाले विगत दुई वर्षदेखि कोभिड १९ को विश्वव्यापी महामारीको कारण स्वास्थ्य संकट भोगीरहेको छ । त्यसैगरी यो गाउँपालिका झाडापखालाको जोखिममा रहेको छ । वर्षेनी बर्षातको समयमा झाडापखाला लगायतको महामारी फैलिन सक्ने जोखिम रहेको छ । कोभिड १९ बाट यस गाउँपालिकामा जम्मा १५८ जना संक्रमित भएको र पहिलो लहर र दोश्रोमा लहरमा गरी जम्मा ३ जनाको मृत्यु भएको थियो । २०७९ आश्विन सम्ममा ५ बर्षमाथिका ७२ प्रतिशतले दुवै डोज खोप पाइसकेका छन् । कोभिडको पहिलो लहरमा गाउँपालिकाका सबै वडामा सामुदायिक क्वारेन्टाइन र गाउँमा एउटा क्वारेन्टिइन सञ्चालन गरिएको । ३५ साधारण बेड बेडको अस्थायी कोभिड अस्पताल सञ्चालन गरिएको थियो । गाउँपालिकाले सम्पूर्ण संक्रमितलाई (१५८ परिवारलाई) घरमै निशुल्क औषधि उपलब्ध गराएको थियो । कोभिडका जटिल विरामीहरूलाई जुम्ला रेफर गरेको र निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको थियो । कोभिडको समयमा सिमकोट गाउँपालिकामा एउटा एम्बुलेन्स सञ्चालनको व्यवस्था गरिएको थियो । खासगरी अन्य पालिकाबाट सिमकोट गाउँपालिका भित्रिने यस गाउँपालिकाका बासिन्दाहरूलाई छाहारे, तुम्च, र न्यासि नाकाबाट ल्याएर निशुल्क क्वारेन्टाइनमा राख्ने प्रवन्ध गरिएको थियो । कोभिड १९ को रोकथाम तथा प्रतिकार्य गर्ने क्रमामा गाउँपालिकासँग प्रतिकार्यको लागि स्पष्ट कार्ययोजना थिएन । यसको लागि जनशक्ति र सामग्री सहितको पूर्वतयारी पर्याप्त थिएन । थौरै जनशक्ति, स्वास्थ्य सुरक्षा सामग्रीको अपर्याप्तता र अक्सिजनको कमिका बावजुद कोभिड १९ को पहिलो र दोस्रो लहरको प्रतिकार्य गरिएको थियो ।

गाउँपालिकाको स्वास्थ्य संरचना तथा स्वास्थ्य विषयगत क्षेत्रले अन्य विपद्को समयमा विपद्का कारण घइते भएकाहरूलाई तत्काल उपचार र स्वास्थ्य सेवालाई नियमित गर्नको लागि काम गर्दछ भने स्वास्थ्य संकटको अवस्थामा गाउँको स्वास्थ्य संरचना तथा स्वास्थ्य विषयगत क्षेत्रले स्वास्थ्य संकटको रोकथाम नियन्त्रण र व्यवस्थापनको लागि अग्र स्थानमा रहेर काम गर्दछ । यसमा अन्य विषयगत क्षेत्रले आ आफ्नो क्षेत्रबाट सहयोग गर्दछन् । गाउँपालिकामा हुनसक्ने स्वास्थ्य संकटलाई ध्यानमा राखी स्वास्थ्य संकट पूर्वतयारी एवम् प्रतिकार्यका देहायबमोजिमका क्रियाकलापहरु तय गरिएको छ ।

## ४.१ स्वास्थ्य संकट पूर्वतयारी कार्ययोजना

| क्र.सं. | पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | गाउँपालिकाकामा रहेका सबै स्वास्थ्य संस्था तथा हस्पिटलहरुको आपत्कालीन योजना तयार गर्ने गराउने | तत्काल | स्वास्थ्य संस्था | सबै स्वास्थ्य संस्था | |
| २ | गाउँपालिका र वडा तहमा द्रुत प्रतिकार्य टोली गठन गर्ने | तत्काल | वडा | वडा कार्यालय | |

Draft

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सबै स्वास्थ्य संस्थाहरुमा आपत्कालीन स्वास्थ्य प्रतिकार्य नमुना अभ्यास गर्ने गराउने | नियमित | स्वास्थ्य संस्था | सबै स्वास्थ्य संस्था | |
| ४ | गाउँपालिका मातहत रहेका अस्पताल तथा स्वस्थ्य संस्थाहरूको सेवा, वेड क्षमता अध्यवधिक गर्ने | तत्काल | गाउँपालिका | सबै स्वास्थ्य संस्था | स्वास्थ्य शाखा |
| ५ | गाउँपालिकाका विभिन्न स्वास्थ्य संस्थामा रहेका स्वास्थ्य जनशक्तिको विवरण अद्यवधिक गर्ने | तत्काल | गाउँपालिका | सबै स्वास्थ्य संस्था | स्वास्थ्य शाखा |
| ६ | गाउँको स्वस्थ्य संकट सम्बन्धी विवरण सवास्थ्य पाश्वचित्र र गाउँ आपत्कालीन कार्य सञ्चालन केन्द्रमा अद्यावधिक गर्ने प्रवन्ध गर्ने | २०७९ माघ | गाउँपालिका | १ | आपत्कालीन कार्य संचालन केन्द्र |
| ७ | महामारीजन्य स्वास्थ्य संकटको समयमा गाउँपालिकाको सेवा सञ्चालन सम्बन्धि स्वास्थ्य प्रोटोकल तयार गर्ने | तत्काल | गाउँपालिका | १ | स्वास्थ्य शाखा |
| ८ | स्वास्थ्य संकटको समयमा गाउँपालिकको स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी कार्यविधि तयार गर्ने | २०७९ माघ | गाउँपालिका | | स्वास्थ्य संस्थाहरु |
| ९ | महामारीको समयमा जनस्वास्थ्य सेवा (पोषण, खोप, सुरक्षित मातृत्व, बाल स्वास्थ्य, परिवार नियोजन) उपलब्ध गराउने कार्यविधि तयार गर्ने | २०८० असार | गाउँपालिका | | स्वास्थ्य शाखा |
| १० | महामारीजन्य स्वास्थ्य संकटको समयमा विद्यालय तथा शैक्षिक संस्था सञ्चालन सम्बन्धी प्रोटोकल तथार गरी विद्यालय सञ्चालनको प्रवन्ध गर्ने | २०८० असार | गाउँपालिका | सबै शिक्षालय | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |
| ११ | उपचारको लागि विरामी रेफर गर्नको लागि रेफरल पद्धति र रेफरल हस्पिटलको व्यवस्था गर्ने | तत्काल | गाउँपालिका | | स्वास्थ्य संस्थाहरु |
| १३ | अग्रपंतिमा काम गर्ने स्वास्थ्य तथा सुरक्षा कर्मीको लागि व्यक्तिगत सुरक्षाका सामग्रीहरूको प्रवन्ध गर्ने | तत्काल | गाउँपालिका | | स्वास्थ्य संस्थाहरु |
| १४ | सबै कर्मचारीहरुलाई सुरक्षा प्रोटोकलको जानकारी गराउने | तत्काल | गाउँपालिका | | गाउँ विपद् व्यवस्थापन समिति |
| १५ | महाब्याधिको समयमा बाहिरबाट आउने मानिसहरूलाई राख्न होल्डिङ् सेन्टर तथा क्वारेन्टिनको प्रवन्ध गर्ने | | गाउँपालिका | आवश्यकता अनुसार | बन्दोबस्ती विषयगत क्षेत्र |

Draft

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | गाउँपालिकामा बनाइने आपत्कालीन आश्रयस्थलहरु महामारीको समयमा क्वरेन्टीन तथा आइसोलेसन केन्द्रको रुपमा संचालन गर्न सकिने गरी तयार गर्ने | | | | अस्थायी आश्रयस्थल तथा बन्दोवस्ती क्षेत्र |
| १७ | महामारीको समयमा सार्वजनिक यातायात सञ्चालन सम्बन्धी प्रोटोकल तयार गर्ने | | गाउँपालिका | | यातायात कम्पनी तथा व्यवसायी समित |
| १८ | महामारीको समयमा आर्थिक क्षेत्र तथा बजार सञ्चालन सम्बन्धि प्रोटोकल तयार गर्ने | | गाउँपालिका | | उद्योग वाणिज्य संघ |
| २० | स्वास्थ्य संकट तथा महामारी नियन्त्रण र व्यवस्थापन सम्बन्धि स्वस्थ्यकर्मी सुरक्षाकर्मी र द्रुत प्रतिकार्य टोलीलाई तालिम दिने | २०७९ माघ | गाउँपमलिका | | स्वास्थ्य संस्थाहरु |

## ४.२ स्वास्थ्य संकट प्रतिकार्य कार्ययोजना

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | गाउँपालिका क्षेत्रभित्रको सबै वा कुनै वडामा तीब्र गतिमा महामारी फैलिएमा वा अन्य स्वस्थ्य संकटको अवस्था आएमा स्वास्थ्य सेवा ऐन २०७५ बमोजिम स्वास्थ्य संकटग्रस्त क्षेत्र घोषणा गर्ने | जिल्ला प्रशासन कार्यालय |
| | २ | संकटग्रस्त क्षेत्रमा तत्काल प्रतिकार्यको लागि द्रुत प्रतिकार्य टोली (Rappid Response Team - RRT) परिचालन गर्ने | खोज उद्धार विषयगत क्षेत्र |
| | ३ | स्वास्थ्य संकटग्रस्त क्षेत्र घोषणा गरिएको क्षेत्र एवम् अवधिमा स्वास्थ्य सम्बन्धी प्रोटोकल पूर्ण रुपमा पालना गर्ने / गराउने | सुरक्षा निकाय |
| | ४ | उच्च संक्रामक महामारी फैलिएको अवस्थामा गाउँपालिका प्रवेश गर्ने नाकाहरुमा कडाई गरी स्क्रिनिङ र क्वारेन्टिनको व्यवस्था गर्ने | सुरक्षा निकाय |
| | ५ | संक्रमितको कन्ट्र्याक ट्रेसिङ् परीक्षण गरी आइसोलेसन र उपचारको प्रवन्ध गर्ने | स्वास्थ्य संस्थाहरु |
| | ६ | अस्पताल तथा स्वस्थ्य संस्थाहरू नियमित निसंक्रमित गर्ने | स्वास्थ्य संस्थाहरु |
| २४ घण्टा देखि | ७ | सार्वजनिक ठाउँहरुमा IEC (Information Education and Communication) का माध्यमहरु जस्तै; पोस्टर पम्प्लेल्ट, सार्वजनिक सूचना मार्फत महामारीको कारक, सर्ने तरिका र रोकथामका बारेमा समुदायलाई | संचार माध्यम |

Draft

| | | | |
|---|---|---|---|
| ७ दिन | | सचेत गराउने | |
| | ८ | महामारीजन्य विपद्को लागि सामान्य विरामी र संक्रितहरुको लागि छुट्टाछुट्टै एम्बुलेन्सको प्रवन्ध गर्ने | स्वास्थ्य संस्थाहरु, एमबुलेन्स संचालक |
| | ९ | स्वास्थ्य संकटको समयमा पूर्ण रुपमा सुरक्षा उपाय सहित नियमित स्वस्थ्य सेवा संचालन गर्ने | स्वास्थ्य शाखा, स्वास्थ्य संस्थाहरु |
| | १० | अन्य विपद्को कारणबाट फैलिनसक्ने महामारी निन्त्रणको लागि तयारी रहने | अन्य क्षेत्रहरु |
| ७ दिन देखि १ महिना | ११ | एक हप्ताको अवस्था विश्लेषण गरी परिस्थितिको आधारमा एक महिनाको लागि कर्ययोजना तयार गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | १२ | संक्रमण रोकथाम तथा नियन्त्रण कार्यलाई निरन्तरता दिने | अन्य क्षेत्र |
| | १३ | जनस्वास्थ्य सेवा (पोषण, खोप, सुरक्षित मातृत्व, बाल स्वास्थ्य, परिवार नियोजन) सुरक्षित तरीकाले नियमित संचालन गर्ने प्रवन्ध मिलाउने | स्वास्थ्य संस्थाहरू |
| | १४ | स्वास्थ्य संकट नियन्त्रण तथा सुरक्षा सम्बन्धी सन्देशमूलक सामग्रीहरू निमित प्रसारण गर्ने | सञ्चार माध्यम |
| | १५ | परिस्थितिको नियमित मूल्याङ्कन गरी स्वास्थ्य संकटलाई निरन्तरता दिने वा हटाउने कुराको निर्णय गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |

Draft

# परिच्छेद पाँच : कार्यान्वयन अनुगमन तथा सिकाई योजना

## ५.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन रणनीति

१. यस स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ , नियमावली २० ७६ तथा स्वास्थ्य सेवा ऐन २०७५ र यस योजनामा प्रवन्ध भए बमोजिमका आवश्यक संस्थागत संरचना तयार गरिनेछ ।

२. गाउँपालिकाको चालु आर्थिक वर्षको विपद् व्यवस्थापन शिर्षकको बजेटबाट प्राथ मिकताका आधारमा कार्यान्वयनको शुरूवात गरिनेछ । क्रमश: आगामी वर्षको वार्षिक कार्यक्रममा यस योजनाको कार्यान्वयनको लागि आवश्यक श्रोत व्यवस्थापन गरिनेछ ।

३. विकास साझेदार संस्थाहरू (द्विपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकाय हरू र रेडक्रस अभियान) बाट प्राप्त हुने सहायतालाई यस योजनाको कार्यान्वयनको लागि परिचालन गरिनेछ ।

४. निजी तथा व्यावसायिक क्षेत्रको व्यवसायिक सामाजिक उत्तरदायित्व र अन्य पहल मार्फत निजी क्षेत्रको सहभागिता र सहायता विपद् पूर्वतयारीको लागि परिचालन गरिनेछ ।

५. गाउँपालिकामा रहेका सामाजिक तथा सामु दायिक संस्थासँग भएको भौतिक , सामाजिक, आर्थिक तथा मानवीय श्रोतलाई यस योजनाको कार्यन्वयनको लागि एकिकृत रूपमा परिचालन गरिनेछ ।

६. यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले निर्दिष्ट गरेका विपद् जोखिम न्यूनिकरण र पूर्वतयारीका गतिविधिहरूलाई गाउँपालिकाले सञ्चालन गर्ने गाउँ योजना , विषयगत योजना तथा कार्यक्रमहरूसँग समायोजन तथा एकिकरण गरी कार्यान्वयन गरिनेछ ।

७. यस योजनाको कार्यान्वयनको अवस्था अनुगमन तथा मूल्याङ्कनको लागि गाउँपालिकाका उप प्रमुखको संयोजकत्वमा एक अनुगमन समिति रहनेछ । उक्त अनुगम न समितिले अनुगमन गरी गाउँ विपद् व्यवस्थापन समिति समक्ष प्रतिवेदन प्रस्तुत गर्नेछ ।

८. गाउँपालिकाको वेवसाइटमा विपद् जोखिम व्यवस्थापन पोर्टल तयार गरी स्वास्थ्य संकट एवम् विपदबाट भएको क्षति तथा विपद् व्यवस्थापन सम्बन्धी भएका गतिविधिहरू नियमित अद्यावधिक गरिनेछ ।

९. गाउँ विपद् व्यवस्थापन समितिले वर्षभरिको विपद्को अवस्था र गतिविधिलाई समेटेर गाउँ विपद् प्रतिवेदन सामान्य अवस्था मा वार्षिक रूपमा प्रकाशन ग र्नेछ भने कुनै ठूलो विपद्को अवस्था आएमा आवश्यकता अनुसार प्रतिवेदनहरू प्रकाशित गरिनेछ ।

१०. यस योजनाको कार्यन्वयनबाट प्राप्त सिकाई तथा तत्कालीन आवश्यकताका आधारमा यस स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई वार्षिक रूपमा अद्यावधिक गर्दै लगिनेछ ।

## ५.२ अन्य निकायसँगको समन्वय र सहकार्य

१. गाउँपालिकाले विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको लागि प्रमुख रूपमा गाउँपालिकाभित्र र बाह्य गरी दुई प्रकारको समन्वय गर्नु पर्दछ । पालिकाभित्र पनि गाउँपालिका मातहतका निकाय वा समितिबीच र

Draft

अन्य सरकारी, गैरसरकारी, सामाजिक तथा निजी संस्थाहरूबीच समन्वय र सहकार्य गर्नुप र्ने हुन्छ । बाह्य समन्वयमा जिल्ला, प्रदेश र संघीय तहका सरकारी निकायहरूसँग र अन्य गैर सरकारी तथा सहयोगी निकाय तथा संस्थाहरूसँगको समन्वय पर्दछ ।

२. विषयगत क्षेत्रको अवधारणामा गाउँपालिका भित्रका सम्पूर्ण विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित संस्था तथा निकायहरू स म्बन्धित विषय गत क्षेत्रको सदस्य रहनेछन् र उक्त संस्था तथा निकायहरूसँगको समन्वय र सहकार्य को जिम्मेवारी सम्बन्धित विषयगत क्षेत्रको नेतृत्व गर्ने विषयगत समिति र यसका संयोजकको हुनेछ ।

३. जिल्ला, प्रदेश तथा संघीय तहका निकायहरूसँगको समन्वय , सुरक्षा निकायहरू सँगको समन्वय तथा गाउँपालिका बाहिरका सरकारी तथा गैर सरकारी निकायहरू र दातृ निकायहरूसँगको समन्वयको जिम्मेवारी गाउँ प्रमुखको हुनेछ ।

४. विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि सम्पूर्ण सरकारी, गैरसरकारी, सामाजिक तथा निजी क्षेत्रको स्रोत परिचालन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाअनुरूप गाउँपालिकाको प्राथमिकता अनु सार एकद्धार नीति बमोजिम हुनेछ । संस्थागत समन्वय र सहकार्यको ढाँचा निम्न निम्नानुसार हुनेछ ।

## ५.३ अनुगमन, मूल्याङ्कजन तथा सिकाई

### ५.३.१ अनुगमन तथा मूल्याङ्कन समिति

स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको लागि गाउँपालिकाको उप प्रमुखको संयोजकत्वमा देहाय बमोजिमका सदस्यहरू रहेको एक अनुगमन समिति रहनेछ । सामान्य अवस्थामा यस अनुगमन समितिले पूर्वतयारी योजनाको कार्यान्वयनको वार्षिक रुपमा अनुगमन गरी गाउँ विपद् व्यवस्थापन समितिलाई प्रतिवेदन बुझाउनेछ । कुनै खास विपद् एवम् स्वास्थ्य संकटको अवस्थामा नियमित रूपमा समष्टिगत र विषय क्षेत्रगत प्रतिकार्य र पूर्वतयारीको अनुगमन गरी सम्बन्धित विषयगत क्षेत्रलाई पृष्ठपोषण गर्नेछ । गाउँ विपद् व्यवस्थापन समितिले अनुगमन तथा मूल्याङ्कन समितिका सदस्यहरुको मनोनयन गर्नेछ । यस अनुगमन तथा मूल्याङ्कन समितिको सदस्यमा मनोनयन गर्दा राष्ट्रिय राजनीतिक दलका गाउँ समितिका प्रमुख नै गाउँपालिकाको पदाधिकारी रहेको खण्डमा अर्को व्यक्ति मनोनयन गर्नु पर्नेछ । यसैगरी वडाध्यक्षहरूमध्येबाट मनोनयन गर्दा यस योजनाको विषयगत क्षेत्रको संयोजक नरहेका वडाध्यक्षमध्येबाट मनोनयन गर्नु पर्नेछ ।

तालिका १५: अनुगमन तथा मूल्यङ्कन समिति

| क्र.सं. | भूमिका | संस्था | पद |
|---|---|---|---|
| १ | संयोजक | सिमकोट गाउँपालिका | उप प्रमुख |
| २ | सदस्य | सिमकोट गाउँपालिका | संयोजक - विधायन समिति |
| ३ | सदस्य | सिमकोट गाउँपालिका | संयोजक - सुशासन समिति |
| ४ | सदस्य | सिमकोट गाउँपालिका | संयोजक - आर्थिक समिति |
| ५ | सदस्य | राष्ट्रिय राजनीतिक दलका गाउँ समिति | प्रमुखहरु |

| | | | |
|---|---|---|---|
| ६ | सदस्य | समितिले तोकेका तीन जना | वडाध्यक्ष |
| ७ | सदस्य सचिव | गाउँपालिका | योजना शाखा प्रमुख |

## ५.३.२ लक्ष्य र सूचकहरू

यस गाउँपालिकामा विपदबाट हुने क्षति तथा नोक्सानी घटाउने प्रभावितहरुलाई उचित मानवीय सहायता समयमै उपलब्ध गराउने तथा विपद् एवम् स्वास्थ्य संकट प्रतिकार्य प्रभावकारी बनाउने र प्रभावकारी प्रतिकार्यको लागि समष्टिगत तथा विषयगत क्षेत्रको पूर्वतयारी सुदृढ गर्ने यस कार्ययोजनाको उद्देश्य रहेकोले यस योजनाको कार्यान्वयनबाट उपयुक्त उद्देश्य प्राप्तिमा प्रगति अनुगमन तथा मूल्याङ्कनको लागि समष्टिगत र विषय क्षेत्रगत तथा पूर्वतयारी र प्रतिकार्यका देहाय बमोजिमका सूचकहरू निर्धारण गरिएको छः

| क्र.सं. | सूचकहरु (पूर्वतयारीका लागि) | अवधि |
|---|---|---|
| १. सामान्य पूर्वतयारी | | |
| १ | गाउँपालिका आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन भएको | |
| २ | खोज उद्धार तथा राहत सामग्रीको भण्डारण मौज्दात रहेको | |
| ३ | वडामा सामुदायिक प्रथम उद्धारकहरू तयार भएको | |
| ४ | विपद् सम्बन्धी विवरण गाउँपालिकाको वेभसाइटमा अपडेट गर्ने वेभ पोर्टल सञ्चालन भएको | |
| ५ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना वार्षिक रूपमा अद्यावधिक भएको | |
| २. समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र | | |
| १ | खोज उद्धार तथा प्राथमिक उपचार सामग्रीको विवरण | |
| २ | समन्वय बैठकको निर्णय पुस्तिका | |
| ३ | वडा तहको खोज उद्धार कार्यदलको विवरण | |
| ३. प्राथमिक उपचार स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र | | |
| १ | प्रत्येक वडामा तालिम प्राप्त प्राथमिक उपचारकको विवरण | |
| २ | स्वास्थ्य संस्थामा राखिएको औषधिको बफर स्टकको अद्यावधिक विवरण | |
| ३ | स्वास्थ्य संस्थाहरूको आपत्कालीन योजना | |
| ४. अस्थायी आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामग्री र राहत व्यवस्थापन विषयगत क्षेत्र | | |
| १ | कम्तिमा ३०० घर परिवारलाई पुग्ने न्यूनतम मापदण्ड अनुसारको आवश्यक गैर खाद्य सामग्रीहरूको भण्डारण | |
| २ | आपत्कालीन समयमा खाद्यान्न आपूर्तिको लागि स्टयण्डबाई सम्झौता भएको | |
| ३ | प्रत्येक वडामा अस्थायी आश्रयस्थलको पहिचान भएको | |
| ४ | अस्थायी आश्रयस्थलको लागि भवन निर्माण भएको वा आश्रयस्थल निर्माणका समग्रीहरूको बन्दोबस्त भएको | |
| ५ | आपत्कालीन प्रयोजनका लागि यातायात संचार तथा बन्दोबस्तीका सामग्रीहरूको व्यवस्था भएको | |
| **५. खानेपानी सरसफाई तथा स्वस्छ्ता प्रवर्धन विषयगत क्षेत्र** | | |
| १ | आपत्कालीन सरसफाई र स्वच्छता सम्बन्धी सामग्रीहरूको भण्डारण गरिएको | |

Draft

| | | |
|---|---|---|
| २ | पहिचान गरिएका आपत्कालीन आश्रयस्थलमा खानेपानी आपूर्तिको स्रोत र माध्यम तयार गरिएको | |
| ३ | सरसफाइ र स्वच्छता सम्बन्धी सूचना तथा सञ्चार सामग्रीहरू तयार भई प्रसारण गरिएको | |
| **६. संरक्षण तथा शिक्षा विषयगत क्षेत्र** | | |
| १ | शिक्षा क्षेत्रको सिकाई निरन्तरता योजना तयार भएको | |
| २ | विद्यालय सुरक्षा सम्बन्धी व्यवस्थापन समिति र प्रअलाई अभिमुखीकरण गरिएको | |
| ३ | सबै विद्यालयमा विद्यालय विपद् व्यवस्थापन समिति र कार्यदल गठन भएको | |
| ४ | विद्यालय र गाउँपालिकामा नियमित कृतिम घटना तथा सिमुलेसन अभ्यास भएको | |
| **७. विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन विषयगत क्षेत्र** | | |
| १ | गाउँपालिकामा विपद् लेखाजोखा टोली तयार भएको | |
| २ | क्षेत्रगत लेखाजोखा फारम तयार भएको | |
| ३ | विपद् लेखाजोखा टोलीलाई विपद् लेखाजोखा सम्बन्धी तालिम दिइएको | |
| ४ | गाउँ आपत्कालीन कार्य सञ्चालन केन्द्रको विपद् सूचना संकलन व्यवस्थापन र प्रसारण प्रक्रिया तय भएको | |
| **८. जीविकोपार्जन, पुनर्स्थापन तथा पुनर्निर्माण विषयगत क्षेत्र** | | |
| १ | पहिचान गरिएका आश्रयस्थलमा सडक, खानेपानी तथा सरसफाई पूर्वाधार तयार भएको | |
| २ | प्रत्येक वडामा आपत्कालिन प्रयोजनको लागि हेलिप्याड निर्माण भएको | |
| ३ | पूर्वाधारहरू विपद् जोखिमबाट सुरक्षित बनाइएको | |
| **९. स्वस्थ्य संकट पूर्व तयारी** | | |
| १ | गाउँपालिका र वडामा द्रुत प्रतिकार्य टोली (RRT) गठन भएको | |
| २ | गाउँका सबै स्वास्थ्य संस्थाको आपत्कालीन योजना बनेको | |
| ३ | गाउँपालिकाको स्वास्थ्य संकटको समयको लागि स्वास्थ्य प्रोटोकल बनेको | |
| ४ | आपत्कालीन समयको लागि औषधिको बफर स्टक राखिएको | |
| ५ | स्वास्थ्यकर्मी तथा द्रुत प्रतिकार्य टोलीलाई स्वास्थ्य संकट व्यवस्थापन सम्बन्धी तालिम दिइएको | |

Draft

| क्र.सं. | सूचकहरु (प्रतिकार्यका लागि) | अवधि |
|---|---|---|
| १. समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र | | |
| १ | खोज उद्धार कार्यको विवरण | |
| २ | खोज उद्धार टोलीको परिचालन | |
| ३ | आकस्मिक बैठक निर्णय पुष्तिका | |
| २. प्राथमिक उपचार स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र | | |
| १ | प्राथमिक उपचार सेवा प्राप्त गरेको जनसंख्या | |
| २ | पोषणयुक्त खानेकुरा उपलब्ध भएको जनसंख्या | |

| | | |
|---|---|---|
| ३ | स्वास्थ्य क्षेत्रको पुनर्स्थापन तथा पुर्निर्माण योजना | |
| ३. अस्थायी आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामग्री र राहत व्यवस्थापन विषयगत क्षेत्र | | |
| १ | विपदबाट विस्थापित परिवारलाई अस्थायी आश्रयस्थल उपलब्ध गराएको विवरण | |
| २ | प्रभावित परिवारलाई खाद्य तथा गैर खाद्य सामग्री उपलब्ध गराएको विवरण | |
| ३ | प्रभावित परिवारलाई राहत सामग्री उपलब्ध गराएको विवरण | |
| ४. खानेपानी सरसफाई तथा स्वस्थता प्रवर्द्धनविषयगत क्षेत्र | | |
| १ | मापदण्ड अनुसार खानेपानी उपलब्ध भएको परिवार | |
| २ | प्रभावित समुदाय तथा आश्रयस्थलमा मापदण्ड अनुसारको सरसफाईको प्रवन्ध | |
| ५. संरक्षण तथा शिक्षा विषयगत क्षेत्र | | |
| १ | अस्थायी सिकाइ केन्द्रहरूको विवरण | |
| २ | वैकल्पिक सिकाइ सञ्चालन भएको विवरण | |
| ३ | शिक्षा क्षेत्रको पुनर्निर्माण योजना | |
| ६. विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन विषयगत क्षेत्र | | |
| १ | द्रुत लेखाजोखा प्रतिवेदन (कुनै विपद् विशेष) | |
| २ | क्षेत्रगत विस्तृत लेखाजोखा प्रतिवेदन (कुनै विपद् विशेष) | |
| ३ | गाउँ आपत्कालीन कार्य सञ्चालन केन्द्रमा विपद् सम्बन्धी विवरण अद्यावधिक भएको | |
| ७. जीविकोपार्जन, पुनर्स्थापन तथा पुनर्निर्माण विषयगत क्षेत्र | | |
| १ | विपदबाट क्षति भएका पूर्वाधारको मर्मत भएको | |
| २ | जीविकोपार्जन सहायता प्राप्त गरेका परिवारको विवरण | |
| ३ | क्षेत्रगत पुनर्स्थापन तथा पुनर्निर्माण योजना | |
| ८. स्वस्थ्य संकट प्रतिकार्य | | |
| १ | द्रुत प्रतिकार्य टोली परिचलन गरिएको | |
| २ | स्वास्थ्य संकटको समयमा स्वास्थ्य सेवा प्राप्त गरेको जनसङ्ख्या | |
| ३ | स्वास्थ्य संकट निन्त्रण व्यवस्थापनको अभ्यास | |

Draft

## अनुसूची-१: स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण

| क्र.सं. | नामथर | पद | आवद्ध निकाय/कार्यालय/संस्था | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | बिजय भण्डारी | अदक्ष्य | सिमकोट गाँउपालिका | ९८५८३२०७९६ |
| | शुसिला रोकाया | उपाध्यक्ष | सिमकोट गाँउपालिका | ९८५८३९१५५३ |
| | उजिर रोकाया | प्र.प्र.अ. | सिमकोट गाँउपालिका | ९८५८३२०१९२ |
| | गोर्ख लामा | वडा अध्यक्ष | सिमकोट गाँउपालिका | ९८४८३२६४०८ |
| | देबजङ बोहरा | वडा अध्यक्ष | सिमकोट गाँउपालिका | ९८४९८९९४७० |
| | पामा लामा | वडा अध्यक्ष | सिमकोट गाँउपालिका | ९८४६५२९४५३ |
| | प्रताप लामा | वडा अध्यक्ष | सिमकोट गाँउपालिका | ९८४६२६२१७० |
| | चिन रावत | वडा अध्यक्ष | सिमकोट गाँउपालिका | ९८४८३१८०१० |
| | नन्द ब रावत | वडा अध्यक्ष | सिमकोट गाँउपालिका | ९८४८३०९६७७ |
| | बलविर शाही | वडा अध्यक्ष | सिमकोट गाँउपालिका | ९८४८३२७७२४ |
| | कमल बहादुर बुढा | वडा अध्यक्ष | सिमकोट गाँउपालिका | ९८४८३०९५२४ |
| | गुयला रावत | का.पा.सदस्य | सिमकोट गाँउपालिका | |
| | गोपाल कामी | का.पा.सदस्य | सिमकोट गाँउपालिका | |
| | काङसो् लामा | का.पा.सदस्य | सिमकोट गाँउपालिका | |
| | कल्पना लामा | का.पा.सदस्य | सिमकोट गाँउपालिका | |
| | टसी वि.क | का.पा.सदस्य | सिमकोट गाँउपालिका | |
| | डाँफु भण्डारी | का.पा.सदस्य | सिमकोट गाँउपालिका | |
| | नर बहादुर भण्डारी | स्वा.सयोजक | सिमकोट गाँउपालिका | ९८४९९३७७८८ |
| | जङग रोकाया | स.सचिब | सिमकोट गाँउपालिका | ९८४८३६९६०० |

Draft

# अनुसूची-२ : उपलब्ध स्रोत साधनहरूको विवरण

| विषयक्षेत्र | स्रोत, साधन/उपकरण/जनशक्ति | सङ्ख्या वा परिमाण | भण्डारणस्थल/रहेको स्थान |
|---|---|---|---|
| समग्र व्यवस्थापन/ सूचना खोज तथा उद्धार | दमकल (आवश्यक औजार सेट सहित) | ० | |
| | एक्साभेटर (जेसिवि) | १ | सिमकोट गाउँपालिका वडा नं. १ |
| | लाईफ ज्याकेट | ० | प्रहरी कार्यालय |
| | क्लाइम्बिङ डोरी | २ रोल | प्रहरी कार्यालय |
| | सेफ्टि हेल्मेट | ६ | प्रहरी कार्यालय |
| | रवर बोट | ० | |
| | स्ट्रेचर | १० | सिमकोट गाउँपालिका, अन्तर्गत स्वास्थ्य संस्थाहरु |
| | मेगा ह्याण्ड माइक | | सिमकोट गाउँपालिका, |
| | ईमर्जेन्सी टर्च लाईट | | प्रहरी कार्यालय |
| | आगो निभाउने यन्त्र | ० | |
| | साईरन | ० | |
| | रवरको पञ्जा | १०० जोडी | सिमकोट गाउँपालिका, जिन्सी शाखा |
| | थ्रो व्याग | थान | सिमकोट गाउँपालिका, जिन्सी शाखा |
| | प्राथमिक उपचार किट | | सिमकोट गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्था |
| खाद्यान्न तथा कृषि | किटनाशक विषादी | ० | |
| | चामल | ० | |
| | नुन, तेल प्याकेट | ० | |
| | फाष्टफुड प्याकेट | ० | |
| | दाल | ० | |
| स्वास्थ्य तथा पोषण | स्यानीटरी प्याड | ० | |
| | इमेरजेन्सी किट | ० | |
| | ह्याण्डवास तथा साबुन | १०० | सिमकोट गाउँपालिका, जिन्सी शाखा |
| | पिपिई सेट/गाउन | ७० | सिमकोट गाउँपालिका, आइसोलेशन |
| | सर्जिकल ग्लोब | ३०० जोडी | सिमकोट गाउँपालिका, जिन्सी शाखा |
| | स्यानीटाईजर | १० लिटर | सिमकोट गाउँपालिका, जिन्सी शाखा |
| | क्लोरिन पाउडर | १५ किलो | सिमकोट गाउँपालिका, जिन्सी शाखा |

Draft

| | | | |
|---|---|---|---|
| | मेडिसिन | | |
| | आर.एल. बोटल | | |
| | प्राथमिक उपचार बाकस/किट | १४ | सिमकोट गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्था |
| खानेपानी, सरसरफाई तथा स्वस्थता प्रवर्द्धन | पियुष | ० | |
| | एक्वाट्याब | ० | |
| | पि.ए.भाइल | ० | |
| | पानी जाँच्ने किट | ० | |
| | पाईप तथा फिटिङ्स | ० | |
| | अस्थाई शौचालयसेट | ० | |
| | सरसफाइ किट/सेट | ० | |
| आपत्कालिन आश्रय तथा गैर खाद्य सामग्री क्वारेण्टाइन व्यवस्थापन | ईन्धनबाट चल्ने आरा/ह्याक्सा (Hacksaw) | ० | |
| | खन्ती (सव्वल) | | सिमकोट गाउँपालिका, जिन्सी शाखा |
| | गैंति र वेल्चा सेट | सेट | |
| | एयर लिफ्ट ब्याग | ० | |
| | त्रिपाल/टेन्ट | ० | |
| | भाँडाकुँडा सेट | ० | |
| | जस्तापाता | ० | |
| जनशक्ति (खोज उद्धारकर्की तथा स्वास्थ्यकर्मी) | गाउँ द्रुत प्रतिकार्य टोली | १ टोलि | गाउँपालिका, गाउँ प्रहरी |
| | वडा, समुदाय वा स्वास्थ्य संस्था स्तरीय द्रुत प्रतिकार्य टोली | ८ वटा | सबै वडाहरू तथा स्वास्थ्य संस्थाहरूमा |
| | स्वास्थ्यकर्मिहरू | ४० जना | गाउँपालिका स्वास्थ्य शाखा तथा वडाका स्वास्थ्य संस्थामा कार्यरत |
| | गाउँ प्रहरी | जना | सिमकोट गाउँपालिका |
| | नेपाल प्रहरी | | |
| | शसस्त्र प्रहरी | | |
| | नेपाली सेना | - | |
| | तालिम प्राप्त नेपाल रेडक्रस सोसाईटीका उद्दारकर्मिहरू | - | |

*नोटः स्रोत सामग्रीहरुको विषयक्षेत्रबाट प्राप्त विवरण अनुसार अभिलेख अद्यावधिक गर्ने कार्य विपद् व्यवस्थापन शाखाले नियमित रुपमा गर्नेछ।*

Draft

# अनुसूची-३: अनुगमन तथा मूल्यांकन फारम

| क्रसं | प्राथमिकता प्राप्त पूर्वतयारी तथा प्रतिकार्य गतिविध | मुख्य जिम्मेवार निकाय समिति | कार्यान्वयनको अवस्था | कमि कमजोरी | सुझाव |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

स्वीकृत मिति :

Draft